# बराहक्षेत्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता नियमावली २०८०

**प्रस्तावना**

बराहक्षेत्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन २०८० को दफा ५० ले दिएको अधिकार प्रयोग गरी बराहक्षेत्र नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "बराहक्षेत्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता नियमावली २०८०" रहेको छ ।

(२). यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अनुमतिपत्र प्रदान गर्ने निकाय" भन्नाले नगरपालिकाको हकमा नगर कार्यपालिकालाई जनाउँछ भने प्रदेश सरकार र नेपाल सरकारको हकमा तोकिएको मन्त्रालयलाई जनाउँछ ।

(ख) "ऐन" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन २०८० लाई सम्झनुपर्छ ।

(ग) "शाखा" भन्नाले बराहक्षेत्र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र हेर्ने शाखा सम्झनुपर्छ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्छ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनुपर्छ ।

(च) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चयन, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगका लागि खानेपानीको आपूर्ति गर्ने कार्य सम्झनुपर्छ । यस शब्दले थोक, ट्यांकर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(छ) "मूल्य" भन्नाले थोक खानेपानीको खरिद तथा बिक्री मूल्यलाई जनाउँछ ।

(ज) "सेवा शूल्क" भन्नाले संगठित संस्था दर्ता, नवीकरण गर्न तहगत सरकारलाई बुझाउनेपर्ने रकम वा खानेपानी, सरसफाइ, ढल सेवा उपयोग गरेवापत उपभोक्ताले सेवा प्रदायकलाई बुझाउनुपर्ने रकम भन्ने बुझिन्छ ।

(झ) "संघीय ऐन" भन्नाले नेपाल सरकारले जारी गरी कार्यान्वयनमा ल्याएको खानेपानी तथा सरसफाइ ऐन २०७९ लाई सम्झनुपर्छ ।

(ञ) "सेवा प्रदायक" भन्नाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उपभोक्ता संस्था, संगठित संस्था, नगर खानेपानी बोर्ड वा नगरपालिकालाई बुझाउँछ ।

## परिच्छेद २
## उपभोक्ता संस्थाको गठन तथा दर्ता

३. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन तथा निर्णय प्रक्रिया :** (१) सामुहिक लाभको लागि आयोजना विकास तथा सञ्चालन गरी त्यसबाट लाभान्वित हुने व्यक्तिहरुले उपभोक्ता संस्थाको गठन गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम गठन गरिने उपभोक्ता संस्थाको कार्यकारी समिति मुख्य पदमा दुई सहित कम्तिमा पचास प्रतिशत सहित समावेशी सिद्धान्तका आधारमा बढीमा १५ सदस्यीय हुनेछ ।

(३) उपनियम २ बमोजिम गठन हुने उपभोक्ता संस्थाको निर्णयहरु मतविभाजनका आधारमा गरिने छ र मत बराबर भएको अवस्थामा अध्यक्षले निर्णायक मत प्रदान गर्नेछ ।

(४) उपनियम (१) बमोजिमको उपभोक्ता संस्थाले आयोजनाको दैनिक कार्य सञ्चालन गर्न आफै भित्रबाट वा अन्य व्यक्तिहरु रहेको आवश्यक पदाधिकारीहरु रहनेगरी सेवा सञ्चालक नियुक्त गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिमको सेवा सञ्चालक नियुक्त पदाधिकारीहरुको जिम्मेवारी, सेवा शर्त तथा सुविधाहरु उपभोक्ता संस्थाले तोके अनुसार हुनेछ ।

(६) आपसमा सेवा क्षेत्र जोडिएका दुई वा दुईभन्दा बढी उपभोक्ता संस्थाहरु व्यवस्थापकीय सुधारका लागि एकापसमा गाभिन चाहेमा नगरपालिकाको स्वीकृति लिई एकीकृत उपभोक्ता संस्थाको गठन गर्न सक्नेछन् ।

(७) ऐन तथा यस नियमावली बमोजिमका उपभोक्ता संस्थाहरुले आफूले खानेपानी तथा सरसफाइ संरचना निर्माण, पुनःनिर्माण तथा मर्मत सम्भार गर्नेगरी कुनै निकायमा सम्झौता भएकोमा त्यस्तो उपभोक्ता संस्थाले सो काम निर्माण व्यवसायी वा अर्को संस्थाबाट गराउन पाइने छैन ।

४. **उपभोक्ता संस्थाको विधान :** (१) उपभोक्ता संस्थाको एउटा विधान हुनेछ ।

(२) उपनियम (१) बमोजिमको विधानमा देहायका कुराहरु खुलाएको हुनुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र श्रोत

(ख) उपभोक्ता संस्थाको उद्धेश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शूल्क, सदस्यता शूल्क छुट, सदस्यता नरहने आदि)

(घ) अधिवेशन, वार्षिक साधारण सभा, विशेष साधारण समा र अधिवेशन तथा साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्य समितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) सेवा सञ्चालक नियुक्तिको व्यवस्था

(झ) आर्थिक श्रोत

(ञ) चल अचल सम्पत्तिको विवरण

(ट) कोष

(ठ) लेखापरीक्षण र सार्वजनिक परीक्षण

(ड) विधानमा संशोधन

(ढ) विनियम बनाउन सक्ने कुरा, र

(त) खानेपानीको श्रोत, खानेपानी र सरसफाइको सेवा क्षेत्र, सरसफाइको निकास र विसर्जन क्षेत्र

(थ) अन्य आवश्यक कुराहरु

५. **उपभोक्ता संस्था दर्ता गर्न दरखास्त दिनुपर्ने :** (१) उपभोक्ता संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले तोकिएको दस्तुर सहित अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने छ ।

(२) एकभन्दा बढी स्थानीय तहका उपभोक्ता भएमा बढी उपभोक्ता जुन स्थानीय तहका रहेका छन्, सोही स्थानीय तहमा दर्ता गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता गर्दा जुन जुन स्थानीय तहका उपभोक्ता रहेका छन्, ती स्थानीय तहको समेत सिफारिस ल्याउनुपर्नेछ ।

६. **उपभोक्ता संस्थाको दर्ता :** (१) नियम (५) बमोजिम दरखास्त प्राप्त भएपछि नगरपालिकाले उपभोक्ता संस्थाले विकास गर्न प्रस्तावित गरेको आयोजना आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय दृष्टिकोणबाट समेत विकास गर्न उपयुक्त भए नभएको जाँचबुझ गरी सो सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित विषयविज्ञसँग परामर्श लिई आयोजना विकास गर्न उपयुक्त देखिएमा नगरपालिकाले संस्था दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र दिनेछ ।

७. **दोहोरो उपभोक्ता संस्था दर्ता नगरिने :** (१) कुनै सेवा क्षेत्रभित्र सेवामा दोहोरोपना हुनेगरी एकै प्रकृतिको सेवा सञ्चालन गर्न दोहोरो उपभोक्ता संस्था दर्ता गरिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा दुईभन्दा बढी उपभोक्ता संस्था संलग्न भई आ-आफ्नो क्षेत्रमा एकीकृत रुपमा सेवा सुधार गर्नेगरी कार्यक्रम सञ्चालन गर्न एकीकृत उपभोक्ता संस्था गठन गरी सेवा सुधार कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्न बाधा पुगेको मानिने छैन ।

(३) जुनसुकै जग्गा वा क्षेत्रमा भएको वा रहेको पानीको श्रोतको सम्पूर्ण परिमाण नजिकको वा तल्लो तटवर्तीलाई प्रतीकूल असर पर्नेगरी उपभोक्ता संस्था दर्ता गरिने छैन ।

८. **श्रोतको पानीमा उपभोक्ता संस्थाको अग्राधिकार कायम रहने :** (१) नियम (६) बमोजिम उपभोक्ता संस्था दर्ता भएपछि उपभोक्ता संस्थाले उपयोग गर्न तोकिएको हदसम्मको परिमाण बराबर श्रोतमा उपभोक्ता संस्थाको अग्राधिकार कायम रहनेछ ।

(२) यो नियमावली प्रारम्भ हुनुअघि संघीय एवम् प्रदेश सरकारले विकास गरेको खानेपानी आयोजना सञ्चालन गर्न कुनै उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको भए त्यस्तो

उपभोक्ता संस्थाले उपयोग गर्ने हदसम्मको परिमाण बराबर पानीको श्रोतमा त्यस्तो उपभोक्ता संस्थाको अधिकार कायम रहनेछ र यो नियमावली प्रारम्भि भएपश्चात् विकास भएका खानेपानी आयोजना सञ्चालन गर्न कुनै उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सक्ने अधिकार नगरपालिकामा रहनेछ ।

९. **उपभोक्ता संस्थाको विघटन र दर्ता खारेजी :** (१) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकामा अनुसूची ३ बमोजिम कार्य सम्पादन मानकको मूल्यांकनका आधारमा व्यवस्थापकीय तथा सेवा सञ्चालन गर्न अनुपयुक्त ठहराइएका उपभोक्ता संस्थाको दर्ता खारेज गरी विघटन गर्न सक्नेछ, तर सो कारवाही गर्नुअघि मनासिव कारण सहित आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम खारेज गरिएको उपभोक्ता संस्थाको सेवा क्षेत्रमा सेवामा निरन्तरता कायम गर्न आवश्यक भएको अवस्थाचमा कुनै अन्य उपभोक्ता संस्थालाई जिम्मेवारी तोक्न वा अन्य वैकल्पिक व्यवस्थाबाट सेवा सञ्चालन गर्न सक्नेछ ।

१०. **उपभोक्ता संस्थाले प्रतिवेदन बुझाउनुपर्ने :** सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले नगरपालिकासमक्ष अनुसूची ४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन नियमित बुझाउनुपर्नेछ ।

## परिच्छेद ३
## सर्वेक्षण अनुमतिपत्र र नवीकरण

११. **सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनुपर्ने :** (१) कुनै आयोजनाको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले नगरपालिका समक्ष अनुमतिपत्रको लागि तोकिएको शूल्क सहित दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पेश गर्दा अनुसूची ५ बमोजिमको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा थप कागजात माग गर्नुपर्ने देखिएमा दरखास्त परेको मितिले पन्ध्र दिनभित्र दरखास्तवालालाई सो कुराको जानकारी दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम नगरपालिकाले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै दर्ताका लागि दरखास्त परेको मिति मानिने छ ।

(५) दश करोड रुपैयाँसम्मको लागत भएको र पाँच हजार सम्म जनसंख्या लाभान्वित हुने खानेपानी तथा सरसफाइ आयोजनाको अनुमतिपत्र नगरपालिकाले नै प्रदान गर्नेछ । सोभन्दा माथिका खानेपानी तथा सरसफाइ आयोजनाको अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया संघीय ऐन बमोजिम हुनेछ ।

१२. **सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने :** (१) नियम ११ बमोजिम दरखास्त प्राप्त भएपछि नगरपालिकाले सो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना वेबसाइटमा सार्वजनिक गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन भएपछि आयोजनाको विकास तथा सञ्चालन गर्दा त्यसरी सूचना प्रकाशन भएको मितिले बढीमा तीस दिनभित्र नगरपालिका समक्ष सर्वसाधारण एवम् सम्बन्धित निकायले सुझाव दिन सक्नेछन् ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको सुझावलाई समेत विचार गरी नगरपालिकाले त्यस्तो उल्लेखनीय प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने सम्बन्धमा दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिंदा तोकिदिनेछ ।

**१४. अनुमतिपत्र दस्तुर :** अनुमतिपत्र प्रदान गर्नका लागि नगरसभाले पारित गरेको आर्थिक तथा विनियोजन ऐन अनुसार हुनेछ ।

## परिच्छेद ४

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**१५. अनुमतिपत्र लिनुपर्ने : :** (१) कसैले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको श्रोतको सार्वजनिक, संस्थागत तथा व्यवसायिक उपयोग गर्न वा गराउन, फोहरपानीको निस्काशन, प्रशोधन, सुरक्षित विसर्जन तथा पुनः प्रयोग गर्न नगरपालिकाबाट अनुमतिपत्र लिनुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि, देहाय बमोजिमका आयोजनाहरुमा अनुमतिपत्र लिनुपर्ने छैन :

(क) एक सय जनसंख्यासम्म लाभान्वित हुने साना प्रकृतिका खानेपानी आयोजना

(ख) अरुको घर जग्गा र पानीको श्रोतलाई असर नपर्नेगरी निजी घरको फोहरपानी आफ्नो जग्गामा व्यवस्थापन गर्न

(ग) यो नियमावली प्रारम्भ हुँदाका बखत निर्माणाधीन खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्न

(३) यो नियमावली प्रारम्भ हुनुअघि निर्माणाधीन तथा वित्तीय सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ सेवाको हकमा यो नियमावली प्रारम्भ भएको मितिले ६ महिनाभित्र नियमावली बमोजिम अनुमतिपत्र लिनु/नवीकरण गर्नुपर्ने छ ।

**१६. ढल सेवाको अनुमतिपत्र सम्बन्धी :** (१) कसैले निश्चित सेवा क्षेत्रका लागि ढल निकास सेवाको छुट्टै अनुमतिपत्र लिन चाहेमा त्यस्तो व्यक्ति वा संगठित संस्थाले आवश्यक कागजात र नगरपालिकाले तोकेको दस्तुर संलग्न गरी देहायका विवरण खुलाई नगरपालिकासमक्ष अनुमतिपत्रका लागि दरखास्त दिनुपर्नेछ ।

(क) ढल निकास सेवा व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक श्रोत, जनशक्ति, निकास प्रणाली तथा ढुवानी साधन, कार्य अनुभवको विवरण,

(ख) ढल निकास सेवा व्यवस्थापन गर्न चाहेको सेवा क्षेत्र

(ग) ढल निकास सेवा निकास वा संकलन, स्थानान्तरण, प्रशोधन र अन्तिम विसर्जन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था

(घ) ढल निकास सेवा व्यवस्थापन गर्ने विधि र तरिका

(ङ) सामाजिक दायित्व पूरा गर्ने सम्बन्धमा प्रस्तावित व्यवस्था

(च) ढल निकास सेवा व्यवस्थापन गर्न चाहेको समय र अवधि

(छ) ढल निकास सेवा व्यवस्थापनबाट वातावरणमा पर्न सक्ने प्रभाव न्यूनीकरणका उपायहरु

(ज) ढल निकास सेवाले बहन गर्नुपर्ने दायित्व र तिर्नुपर्ने सेवा शूल्क

(झ) दरखास्तवालाले नगरपालिकालाई बुझाउन प्रस्ताव गरेको रकम

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा ढल निकास सेवा व्यवस्थापनको व्यवसायिक उद्धेश्य स्पष्ट खुलाउनुपर्नेछ ।

(३) दुई भन्दा बढी स्थानीय तह संलग्न हुने ढल सेवाको अनुमतिपत्र प्रदेश सरकारले प्रदान गर्नेछ ।

**१७. पानीको थोक खरिद बिक्री सम्बन्धी अनुमतिपत्र :** पानीको थोक खरिद तथा बिक्री सम्बन्धी अनुमतिपत्रका लागि ऐनको दफा १३ बमोजिम परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी अनुमति दिने अधिकार नगरपालिकालाई हुनेछ ।

**१८. अनुमतिपत्रका लागि दरखास्त दिनुपर्ने :** (१) नियम १७ बमोजिम अनुमतिपत्रको लागि दरखास्त दिन चाहने व्यक्ति वा संगठित संस्थाले नगरपालिकाले तोकेको शूल्क सहित अनुसूची ७ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा सम्बन्धित विषयको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक तथा वातावरणीय अध्ययन प्रतिवेदन बमोजिका विवरण समेत संलग्न गर्नुपर्नेछ ।

**१९. अनुमतिपत्र दिनुपर्ने :** (१) नियम १८ बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा दरखास्तवालालाई खानेपानी थोक सेवा प्रदान गर्न आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको श्रोतको सार्वजनिक, संस्थागत तथा व्यवसायिक उपयोग गर्ने वा गराउन, फोहरपानीको निस्काशन, प्रशोधन, सुरक्षित विसर्जन तथा पुनःप्रयोग गर्न अनुमतिपत्र दिन उपयुक्त देखिएमा नगरपालिकाले तोके बमोजिम अनुमतिपत्र प्रदान गर्नेछ ।

(२) नियम १८ बमोजिम दरखास्त प्राप्त भएपछि अनुमति नगरपालिकाले दरखास्तवालाको प्राविधिक र आर्थिक योग्यता तथा क्षमतालाई अनुसूची १० बमोजिम मूल्यांकन गर्नेछ ।

(३) बराहक्षेत्र नगरपालिकाभित्र खानेपानीको थोक सेवा प्रदान गर्नका लागि प्रदेश सरकार वा नेपाल सरकारबाट अनुमति लिएको भएमा सो व्यक्ति वा संगठित संस्थाले यो नियमावली जारी भएको छ महिनाभित्र नगरपालिकामा जानकारी गराउनुपर्नेछ ।

**२०. दोहोरो सेवा सञ्चालन गर्न अनुमतिपत्र नदिइने :** नियम १९ बमोजिम कुनै व्यक्ति वा संगठित संस्थालाई खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न अनुमति दिइसकेपछि सो अनुमत्रिको अवधिभर सोही सेवा क्षेत्रमा सोही कामको लागि सेवा सञ्चालन गर्न पाउनेगरी अन्य कुनै संगठित संस्थालाई सेवा सञ्चालन गर्न दोहोरो अनुमतिपत्र दिइने छैन ।

**२१. अनुमतिपत्रको लागि आवश्यक आर्थिक क्षमता, प्राविधिक निपूर्णता, अनुभव र लगानी :** (१) अनुमतिपत्र प्राप्त गर्न आवश्यक पर्ने आर्थिक क्षमता, प्राविधिक निपूर्णता तथा अनुभव अनुसूची १० मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त गर्नको लागि दरखास्त दिने संगठित संस्था विदेशी भएमा त्यस्तो संगठित संस्थाले निर्माण गर्न चाहेको खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी आयोजनाको हकमा कूल लगानीको कम्तिमा बीस प्रतिशत तथा प्रशोधन सहितको ढल निकास सेवा सम्बन्धी आयोजनाको हकमा कूल लगानीको कम्तिमा दश प्रतिशत लगानी नेपाली नागरिकको हुनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम गरिने मूल्यांकको सूचक तथा आधारलाई व्यवस्थित गर्न नगरपालिकाले अलग्गै कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**२२. पानीको श्रोत उपयोग अनुमतिपत्र :** (१) नियम १८ बमोमिज अनुमतिपत्रको लागि दरखास्त दिन चाहने व्यक्ति वा संगठित संस्थाले नगरपालिकाले तोकेको शूल्क सहित अनुसूची ११ बमोजिमको ढाँचामा खानेपानी श्रोत उपयोग गर्ने अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि अनुमतिपत्र दिन उपयुक्त देखिएमा नगरपालिकाले अनुसूची १२ बमोजिमको ढाँचामा खानेपानी श्रोत उपयोग अनुमतिपत्र दिनेछ ।

(३) उपनियम (२) बमोजिमको श्रोत उपयोग अनुमतिपत्र र नियम १९ बमोजिमको अनुमतिपत्र एकैसाथ प्रदान गर्न सकिने छ ।

**२३. अनुमतिपत्रमा खुलाउनुपर्ने विषयहरु :** (१) ऐन तथा यस नियमावली अनुसार प्रदान गरिने अनुमतिपत्रमा देहायका विषयहरु समेत खुलाउनुपर्नेछ :

(क) सर्वेक्षण अनुमतिपत्र : सर्वेक्षण गरिसक्नुपर्ने समयसीमा, सर्वेक्षण विधि वा तरिका, सर्वेक्षणको किसिम, क्षतिपूर्ति

(ख) खानेपानी श्रोत उपयोग अनुमतिपत्र : खानेपानीको श्रोतको नाम, सर्वेक्षण गरिसक्नुपर्ने समयसीमा, उपयोग गर्ने खानेपानीको परिमाण, क्षतिपूर्ति

(ग) निर्माण, सञ्चालन तथा व्यवस्थापन अनुमतिपत्र : अनुमतिपत्रको समयावधि, प्रणाली मापन कार्यको विधि वा तरिका, मुख्य कार्यसम्पादन सूचक, क्षतिपूर्ति

**२४. काम सुरु गर्नुपर्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्रमा उल्लेखित काम अनुमतिपत्र प्राप्त गरेको ६ महिनाभित्र सुरु गर्नुपर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त संगठित संस्थाले उपनियम (१) बमोजिमको म्यादभित्र काम सुरु गर्न नसकेमा त्यसको मनासिव कारण सहित म्याद थपको लागि नगरपालिका समक्ष निवेदन दिन सक्नेछन् र सो दरखास्त उपर जाँचबुझ गर्दा म्याद थप गर्नुपर्ने कारण मनासिव देखिएमा नगरपालिकाले बढीमा तीन महिना सम्मको म्याद थप गर्न सक्नेछ ।

**२५. प्रतिवेदन पेश गर्नुपर्ने :** अनुमतिपत्र प्राप्त गर्ने संगठित संस्थाले अनुमतिपत्रमा उल्लेख भएका शर्तहरुको प्रगति प्रतिवेदन वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**२६. श्रोत तथा प्रणाली उपर अधिकार कायम हुने :** नियम १६ र २२ बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्थालाई उल्लिखित हदसम्मको श्रोत तथा प्रणालीमा भोगाधिकार कायम रहनेछ ।

**२७. अनुमतिपत्र तथा नवीकरण दस्तुर :** अनुमतिपत्र तथा नवीकरण दस्तुर नगरसभाले निर्णय गरे बमोजिम हुनेछ ।

**२८. अनुमतिपत्रको बिक्री वा हस्तान्तरण :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले व्यवसायिक उपयोगका लागि पाएको अनुमतिपत्र बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न चाहेमा अनुमतिपत्र प्रदान गर्ने निकाय समक्ष स्वीकृतिका लागि दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा नगरपालिकाले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी अनुमतिपत्र खरिद गर्ने वा लिने संगठित संस्थाको आर्थिक स्थिति समेत विचार गर्दा अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन मनासिव देखिएमा आवश्यक शर्तहरु तोकी अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**२९. शेयर बिक्री गर्न स्वीकृति लिनुपर्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले खानेपानी तथा सरसफाइ सेवाको बीस प्रतिशत वा सोभन्दा बढी शेयर बिक्री गर्नुपर्ने भएमा नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम शेयर बिक्री गर्दा खानेपानी तथा सरसफाइ सम्बन्धी अनुभव प्राप्त गरेको संगठित संस्थालाई मात्र बिक्री गर्न सकिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्र प्राप्त गरेको दुई बर्षसम्म शेयर बिक्री गर्न पाउने छैन ।

**३०. अनुमतिपत्रमा संशोधन :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले आफूले पाएको अनुमतिपत्रमा उल्लिखित कुनै कुरा संशोधन गर्न चाहेमा नगरपालिका समक्ष दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा मनासिव देखेमा अनुमतिपत्रमा संशोधन गर्न सक्नेछ ।

**३१. श्रोत उपयोग शूल्क :** अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले खानेपानी श्रोतको उपयोग गरेवापत प्रचलित कानुन बमोजिम नगरपालिकालाई शूल्क बुझाउनुपर्नेछ ।

**३२. अनुमतिपत्रको खारेज :** ऐनको दफा १६ अनुसारको उल्लंघन गरेमा नगरपालिकाले अनुमतिपत्र खारेज गर्नेछ ।

**३३. संरचना हस्तान्तरण सम्बन्धी व्यवस्था :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले सेवा बन्द गर्दा वा सो संरचना नगरपालिकालाई हस्तान्तरण गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) सेवा प्रणाली र सोसँग सम्बन्धित संरचना चालु अवस्थामा रहे वा नरहेको सम्बन्धमा तेस्रो पक्षको निरीक्षण प्रतिवेदन

(ख) पुरानो दायित्व फरफारक गर्ने जिम्मेवारी

(ग) कार्यरत कर्मचारीको व्यवस्थापन योजना

(घ) चल अचल सम्पत्ति विवरण

(ङ) अन्य आवश्यक विवरण

(२) उपनियम (१) बमोजिम सेवा प्रणाली वा संरचना हस्तान्तरण गर्नुअघि नगरपालिकाले सो सेवा प्रणाली सञ्चालनको उपयुक्त व्यवस्थापन भएको सुनिश्चितता गर्नुपर्नेछ ।

## परिच्छेद ५

## खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन

**३४. आयोजनाको छनौट तथा निर्माण** (१) नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने आयोजनाको पहिचान, छनौट तथा निर्माण नगरपालिकाले गर्नेछ ।

(२) आयोजनाको पहिचान, छनौट तथा निर्माणका लागि आवश्यकता अनुसार नगरपालिकाले कार्यविधि तयार गरी लागू गर्न सक्नेछ ।

**३५. खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनुपर्ने :** (१) अनुमतिपत्र पाप्त व्यक्ति वा संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका उपभोक्तालाई नियमित वा न्यायोचित रुपमा कुनै पनि भेदभाव नगरी खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनुपर्नेछ ।

(२) निर्दिष्ट उद्धेश्य उल्लेख गरिएको अवस्थामा बाहेक सेवा उपलब्ध गराउँदा सेवा क्षेत्रभित्र घरेलु उपयोगले प्राथमिकता प्राप्त गर्ने आवश्यक व्यवस्था गरेरमात्र सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको श्रोतको प्रयोग गर्नुपर्नेछ ।

(३) सेवा प्रदायकहरुले सेवा सञ्चालन तथा व्यवस्थापन गर्दा अनुमतिपत्रमा उल्लेखित कार्यसम्पादन मानक तथा ऐन र यस नियमावली बमोजिम अधिकारप्राप्त अनुगमन तथा नियामकहरुले प्रदान गर्ने निर्देशन, मापदण्ड, कार्यसम्पादनका मानकहरुको पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

(४) कुनै पनि कारणले सेवा प्रणाली अवरुद्ध भएमा सेवा प्रदायकले आवश्यकता अनुसार नगरपालिका तथा प्रदेश एवम् नेपाल सरकारको सहयोग र समन्वयमा तत्काल मर्मतसम्भार गरी सेवा सुचारु गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा सेवा सुचारु राख्नका लागि यथासम्भव अस्थायी वा वैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(५) सेवा प्रदायकले व्यवसायिक उपभोक्तालाई सेवा उपलब्ध गराउँदा पानी उपयोग गरेपश्चात् निस्कने फोहरपानीको व्यवस्थापन समेतका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नुपर्नेछ ।

(६) सेवा प्रदायकले सेवाको प्रकृति अनुरुपको खानेपानी वा सरसफाइ सम्बन्धी जोखिममा आधारित सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरेको हुनुपर्नेछ ।

(७) सेवा प्रदायकले सेवाको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन नागरिक बडापत्र सहितको गुनासो व्यवस्थापन इकाइको व्यवस्था गर्नुपर्छ ।

**३६. खानेपानी तथा सरसफाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षण :** (१) यस नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक खानेपानी तथा सरसफाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षण वा मर्मत.सम्भारको जिम्मेवारी सम्बन्धित सेवा प्रदायकको हुनेछ ।

(२) खानेपानी तथा सरसफाइ प्रणालीको संरक्षण गर्ने जिम्मेवारी भएको सेवा प्रदायकले त्यस्तो प्रणाली वा आयोजनाको सम्पूर्ण संरचना, त्यसको शाखा वा प्रशाखासँग सम्बन्धित भौतिक विवरण वा सम्पत्तिको अद्यावधिक विवरण तयार गरी त्यसको अभिलेख राख्नुपर्नेछ ।

(३) कसैले पनि खानेपानी तथा सरसफाइ सेवा प्रणालीमा अनधिकृत रुपले स्वरुप वा दायरा परिवर्तन गर्ने, प्रणालीको दुरुपयोग गर्ने, अवाञ्चित फाइदा लिने उद्धेश्यले कुनै संरचना वा जडित पाइप वा सामान वा जडित मिटर वा प्रशोधन प्रणाली वा अन्य संरचना बिगार्ने वा नष्ट गर्ने कार्य गर्नु हुँदैन ।

(४) सेवा प्रदायकले सरसफाइ प्रणालीमा कार्यरत सरसफाइ कामदारहरुलाई काममा लनगरदाको बखत स्वास्थ्य सुरक्षाको पर्याप्त उपायको आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

**३७. सेवा सञ्चालन तथा व्यवस्थापनको अनुगमन तथा नियमन :** (१) सेवा प्रदायकले प्रदान गर्ने खानेपानी तथा सरसफाइ सेवाको मापक तथा अन्य सार्वजनिक सरोकारका विषयहरु अनुमतिपत्रमा भएका व्यवस्था तथा राम्रा व्यवसायिक अभ्यास अनुरुप भए नभएको सुनिश्चित गर्न ग्राहकमैत्री सेवा प्रदान गर्न नगरपालिकाले नियामकको व्यवस्था गर्नेछ ।

(२) नियामकको निर्देशन पालन गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(३) नगरपालिकाले नियामकको व्यवस्था गर्दा प्रदेश र संघीय मन्त्रालयसँगको समन्वयमा दोहोरो नहुनेगरी व्यवस्थ ागर्नेछ ।

**३८. विना भेदभाव सेवा उपलब्ध गराउनुपर्ने :** (१) आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालन गर्दा सेवा क्षेत्रको सबै बासिन्दा विनाभेदभाव सेवा पाउन सक्ने उचित र आवश्यक व्यवस्था गर्नुपर्नेछ । तर आर्थिक रुपले विपन्न व्यक्ति वा घरधुरीलाई धारा जडान, चर्पी निर्माण, ढल जडान शूल्क तथा सेवा महसुल आदिमा दिइएको सहुलियतलाई भेदभाव गरेको मानिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए पनि औद्योगिक, व्यापारिक वा व्यवसायिक वा संस्थागत उपभोक्तालाई खानेपानी उपलब्ध गराउँदा पानीको परिमाणात्मक उपयोग तथा पानी उपयोग गरेपश्चात् निस्कने फोहर पानीको व्यवस्थापन सम्बन्धमा त्यस्तो उद्योग वा व्यवसायिक संस्थासँग छुट्टै सम्झौता गरी सेवा प्रदान गर्नुपर्नेछ ।

**३९. आयोजनाको निर्माण तथा सञ्चालन गर्न सक्ने :** (१) नगरपालिकाको आफ्नो प्रशासनिक क्षेत्रभित्र तोकिए बमोजिमको स्तर वा वर्गीकरण अनुसारको खानेपानी वा सरसफाइ सेवा पुऱ्याउनका लागि आयोजना कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नगरपालिकाले आयोजना कार्यान्वयन गर्दा सो कुराको जानकारी प्रादेशिक एवम् संघीय मन्त्रालयमा गराउने छ ।

(३) उपनियम (१) बमोजिमको आयोजना निर्माण सम्पन्न भएपछि नगरपालिका आफैले, खानेपानी बोर्डमार्फत वा उपभोक्ता संस्था गठन गरी कुनै सेवा प्रदायकबाट सेवा सञ्चालन गर्न सक्नेछ ।

**४०. अन्य संस्थाले आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने :** कुनै पनि सहकारी, सामुदायिक वा गैरसरकारी संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी सेवा उपलब्ध गराउने प्रयोजनका लागि नगरपालिकाबाट स्वीकृति लिई आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

**४१. साझेदारीमा आयोजना निर्माण तथा सेवा सञ्चालन गर्न सकिने :** नगरपालिका र अनुमतिप्राप्त सेवा प्रदायकले सेवा विशेषज्ञता आवश्यक परी वा सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने उद्धेश्यले सार्वजनिक वा निजी क्षेत्र वा साझेदारीमा प्रणालीसँग सम्बन्धित सेवा विशेष वा आंशिक वा पूरै प्रणाली निर्माण, सञ्चालन तथा व्यवस्थापन र लगानी गर्न सक्नेछ।

**४२. पृथक पृथक गरी आयोजना निर्माण तथा सेवा सञ्चालन गर्न सकिने :** (१) कुनै पनि सेवा प्रणालीका विभिन्न संरचनाहरु पृथक पृथक रुपमा विभक्त गरी तिनको निर्माण एवम् सञ्चालन छुट्टाछुट्टै संगठित संस्था वा सेवा प्रदायकहरुमार्फत गर्न सकिने छ ।

(२) उपनियम (१) बमोजिम पृथक पृथक रुपमा सञ्चालित सेवा प्रणालीका सञ्चालकहरुले आपसी सम्झौता गरी संयुक्त उपक्रम बनाउन वा मूल सेवाप्रदायकसँग सम्झौता गरी आपसी निर्माण तथा सेवा सञ्चालन गर्न सक्नेछन् ।

**४३. सम्पन्न आयोजनाको सेवा प्रणालीको स्वामित्व र सञ्चालन :** (१) यस नगरपालिकाको लगानीमा निर्माण गरिएको खानेपानी तथा सरसफाइ आयोजना नगरपालिकाकै स्वामित्वमा रहनेछ ।

(२) प्रदेश सरकार वा नेपाल सरकारले निर्माण गरेका आयोजनाको हकमा संघीय खानेपानी ऐन तथा नियमावली अनुसार हुनेछ ।

(३) नेपाल सरकारले यस्ता आयोजनाका विभिन्न संरचना सहितका चल अचल सम्पत्तिको स्वामित्व आफैमा वा स्थानीय तहमा रहनेगरी मन्त्रालयबाट स्वीकृत ढाँचामा नगरपालिका वा अन्य कुनै संगठित संस्थालाई व्यवस्थापन तथा भोगचलनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

(४) आयोजना निर्माण गर्ने अन्य कुनै निकाय वा संगठित संस्था आफैले प्रणाली सञ्चालन गरी सेवा प्रदान गर्ने नभएमा त्यस्ता आयोजनाहरुको स्वामित्व पूर्व सहमति बमोजिम नगरपालिकामा हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपनियम (३) बमोजिम भोगचलनका लागि संगठित संस्थालाई हस्तान्तरण गरिएका आयोजनाको भोगचलन अवधि नगरपालिकाले तोकिए बमोजिम वा सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

**४४. विशेष स्थानमा खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्न स्वीकृति लिनुपर्ने :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १३ (३) बमोजिम अनुमतिपत्र प्राप्त संगठित संस्था तथा सेवा प्रदायकले विशेष स्थानमा संरचना निर्माण गर्नुअघि नगरपालिका र अन्य आवश्यक निकायबाट स्वीकृति लिनुपर्नेछ ।

**स्पष्टीकरण :** यस नियमको प्रयोजनका लागि "विशेष स्थान" भन्नाले सुरक्षा वा अन्य कारणले भौतिक निर्माणका काम गर्न नियन्त्रण गरिएका पुरातात्विक स्थल वा प्राचीन स्मारक स्थल वा राष्ट्रिय महत्वका संरचना वा नेपाल सरकारले "विशेष स्थान" भनी तोकिएका, नगरपालिकाको भूउपयोग ऐन र नियमावलीले विशेष स्थान भनी सूचीकृत गरेका र नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य स्थान सम्झनुपर्छ ।

(२) विशेष स्थानमा खानेपानी तथा सरसफाइ संरचना निर्माण तथा प्रयोग गर्ने सम्बन्धमा नगरपालिकाले आवश्यक शर्त तोक्न सक्नेछ ।

(३) अनुमतिपत्र प्राप्त सेवा प्रदायकले उपनियम (१२) बमोजिम विशेष स्थानमा विछ्याइएको खनेपानी तथा ढल निकासको पाइपा वा बनाइएको कुनै संरचना वा प्रणालीलाई चुस्तदुरुस्त राख्न आवश्यकता अनुसार गर्नुपर्ने मर्मतसम्भार नगरपालिका वा सम्बन्धित निकायलाई पूर्वसूचना दिई गर्न सक्नेछ ।

**४५. सेवाको विवरण सार्वजनिक गर्नुपर्ने :** अनुमतिपत्र प्राप्त संगठित संस्थाले निर्माण गरेको खानेपानी तथा सरसफाइ संरचनाको विवरण त्यस्तो संरचना निर्माण भएको तीस दिनभित्र आफ्नो वेबसाइट वा सूचनना प्रणालीमा सार्वजनिक गर्नुपर्नेछ र सोको जानकारी नगरपालिकामा समेत गराउनुपर्नेछ ।

**४६. खरिद गर्न वा लिजमा लिन सक्ने :** (१) अनुमतिपत्र प्राप्त संगठित संस्थाले अनुमतिपत्रमा तोकिएको सेवा क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवालाई थप प्रभावकारी बनाउन आवश्यक भएमा कुनै जग्गा वा संरचना आपसी सहमतिमा तय भएको मूल्यमा प्रचलित कानुन बमोजिम खरिद गर्न वा लिजमा लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ठूला संरचना खरिद गर्नु वा लिजमा लिनुअघि अनुमतिपत्र प्राप्त संगठित संस्थाले नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त संगठित संस्थाले उपनियम (१) बमोजिम खरिद गरेको वा लिजमा लिएको जग्गा वा संरचनाको विवरण तीस दिनभित्र नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

**४७. करार सम्झौतामा समेटिनुपर्ने विषय तथा शर्तहरु :** (१) खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सेवा प्रदायक कार्यसम्पादन मानकको आधारमा निजको क्षमता मापन गरेरमात्र चयन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम गरिने सेवा करार सम्झौतामा भुक्तानी विधि, क्षतिपूर्तिको व्यवस्था, उपयुक्त प्रोत्साहन र जरिवानाको व्यवस्था, उपभोक्ताको पहुँच सहितको पारदर्शी लेखा प्रणाली, प्रस्तावित सेवाको कार्यसम्पादन मापनका आधार, नियमित मर्मतसम्भार कार्यको व्यवस्थापन, तत्काल मर्मत र पूँजीगत कार्य सम्बन्धी व्यवस्था, कर्मचारीहरुको न्यूनतम योग्यता, नियुक्ति प्रक्रिया तथा व्यवस्थापन, सम्झौताको अवधि र नियमित सेवा प्रवाहमा सन्तोषजनक कार्यसम्पादनलाई प्रोत्साहित गर्ने र विवाद समाधानका प्रक्रियाहरु समावेश गरिएको हुनुपर्छ ।

## परिच्छेद ६
## सेवा उपयोग सम्बन्धी व्यवस्था

**४८. सेवा उपलब्ध गराउने आधार :** सेवा प्रदायकले खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा देहायका विषयलाई आधार बनाउने छ :

(क) भौगोलिक स्थिति

(ख) जनसंख्या

(ग) श्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण

(घ) खानेपानी तथा सरसफाइ प्रणालीको क्षमता

(ङ) उत्सर्जन हुने फोहर पानीको प्रकृति

(च) प्रशोधित फोहर पानी विसर्जन गर्ने स्थान

(छ) अन्य प्राविधिक विषयहरु

**४९. सेवा उपयोग गर्न प्राथमिकता दिने** (१) सेवा प्रदायकले नियम ४८ बमोजिम निर्धारित आधारहरुको अधिनमा रही देहायका उपभोक्ताहरुलाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछ :

(क) घरेलु उपयोग

(ख) स्वास्थ्य चौकी, विद्यालय, छात्रावास, अनाथालय, वृद्धाश्रम तथा सामाजिक संस्था

(ग) सरकारी, अर्धसरकारी वा गैरसरकारी संस्था

(घ) अत्यन्तै जरुरी सार्वजनिक महत्वको निर्माण कार्य

(ङ) व्यवसायिक प्रयोजन

(च) औद्योगिक प्रयोजन

(छ) अन्य प्रयोजन

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भूकम्प, बाढी, आगलागी, महामारी तथा अन्य प्राकृतिक प्रकोप लगायतका विशेष अवस्थामा भने सेवा प्रवाहमा पहिलो प्राथमिकता दिनुपर्नेछ ।

**५०. सेवाको परिमाण र समयावधि तोक्न सक्ने** : (१) संरचनाको क्षमताभन्दा बढी भाग भएको वा वैकल्पिक श्रोतको अभावका कारण खानेपानीको माग अनुसारको परिमाणमा निरन्तर सेवा प्रवाह गर्न नसक्ने भएमा सेवा प्रदायकले नियम ४९ बमोजिम निर्धारित प्राथमिकता क्रमको आधारमा सेवाको परिमाण र समयावधि तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सेवाको परिमाण र समयावधि निर्धारण गर्दा सेवा प्रदायकले सोको पूर्व सूचना उपभोक्ताहरुलाई कम्तिमा पन्ध्र दिन अगावै दिनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम सेवाको परिमाण र समयावधि निर्धारण गर्दा अनुमति प्रदान गर्ने सम्बन्धित निकायलाई जानकारी दिनुपर्नेछ ।

**५१. सेवा बन्द गर्न सक्ने :** (१) देहायका अवस्थामा सेवा प्रदायकले उपभोक्तालाई प्रदान गरेको सेवा बन्द गर्न सक्नेछ :

(क) उपभोक्ताले सेवा उपयोग गरेवापत बुझाउनुपर्ने महसुल, शूल्क वा सेवा शूल्क नबुझाएमा,

(ख) उपभोक्ताले सेवा प्रदायकसँग गरेको सम्झौतामा उल्लिखित कुनै शर्त उल्लंघन गरेमा त्यस्तो शर्त पूरा नगरेसम्म,

(ग) संरचना क्षतिपग्रस्त भएमा वा हुने सम्भावना भएमा आवश्यक मर्मतसम्भार नगरेसम्म,

(घ) श्रोत वा संरचनाको पानी प्रदूषित भई वा अन्य कुनै कारणले स्वास्थ्यको दृष्टिकोणले उपयोगी नभएसम्म ।

**५२. सूचना दिनुपर्ने :** नियम ५१ (१) अनुसार सेवा बन्द गर्नुपर्ने अवस्थामा सेवा प्रदायकले कम्तिमा पन्ध्र दिन अगावै सो कुराको सूचना सम्बन्धित उपभोक्तालाई दिनुपर्नेछ ।

**५३. बन्द सेवा सुचारु गर्नुपर्ने :** सेवा प्रदायकले नियम ५१ बमोजिम सेवा बन्द गरेकोमा सम्बन्धित उपभोक्ताले सेवा प्रणालीमा पुगेको हानी नोक्सानीको रकम वा तिर्नुपर्ने बक्यौता महसुल, शूल्क वा सेवा शूल्क रकम तिरी सेवा सुचारु गर्न निवेदन दिएमा सेवा प्रदायकले सेवा सुचारु गरिदिनुपर्नेछ ।

## परिच्छेद ७

## स्वच्छ तथा गुणस्तरीय खानेपानी वितरण प्रक्रिया

**५४. खानेपानी सेवाको वितरण तथा जडान मापदण्ड :** (१) देहायका आधारमा नगरपालिकाले सेवा प्रदायकबाट प्रदान हुने खानेपानी सेवाको वितरण तथा जडान सम्बन्धमा पालन गर्नुपर्ने मापदण्ड तयार गरी लागू गर्न सक्नेछ :

(क) घरेलु उपभोक्तालाई प्रदान गरिने पाइप जडानको साइज, मिटर, वहाव दर

(ख) संस्थागत प्रयोजनका लागि उपभोक्तालाई प्रदान गरिने पाइप जडानको साइज, मिटर, वहाव दर

(ग) औद्योगिक वा व्यवसायिक प्रयोजनका लागि जडान गरिने पाइप जडानको साइज, मिटर, वहाव दर

(घ) अन्य प्रयोजनका लागि जडान गरिने पाइप जडानको साइज, मिटर, वहाव दर

**५५. गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने :** (१) सेवा प्रदायकले सेवा प्रवाह गर्दा सेवा प्रणालीका विभिन्न अवयवहरुमा अधिकार प्राप्त निकायले तोकेको गुणस्तर मापदण्ड पालना गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम भए नभएको एकीन गर्न सेवा प्रदायक तथा नियामकले परिपालन अनुगमन गर्नुपर्नेछ साथै सोको यकिन गर्नका लागि आवश्यक विधि र संरचना निर्माण गर्नुपर्नेछ ।

(३) खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले निर्धारण गरे बमोजिम हुनुपर्नेछ, जुन अनुसूची १६ मा उल्लेख गरिएको छ ।

## परिच्छेद ८

## खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण

**५४. नगरसभाले महसुल निर्धारण गर्ने :** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको महसुल निर्धारण नगरसभाले गर्नेछ ।

(२) महसुल निर्धारण गर्दा नगरपालिकाले नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको सहयोग लिन सक्नेछ ।

(३) ऐन र नियमावलीमा उल्लेख नगरिएका विषयको हकमा संघीय ऐन बमोजिम हुनेछ ।

**५५. शूल्क निर्धारण प्रक्रिया :** (१) नगर सभाले खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण गर्दा देहाय बमोजिमका आधारहरु अवलम्वन गर्नुपर्नेछ :

(क) आयोजनाको लागत, ऋण लगानीको साँवा र ब्याज

(ख) जडित क्षमता शूल्क

(ग) स्वलगानी र त्यसको प्रतिफल

(घ) कर, रोयल्टी, नियमन तथा अन्य शूल्क

(ङ) अतिरिक्त पूँजीकरण

(च) प्रशोधन सञ्चालन तथा मर्मत खर्च

(छ) कार्य सञ्चालन खर्च

(ज) उपयोगको प्रकार

(झ) सेवाको थोक खरिद मूल्य

(ञ) महसुल निर्धारण शूल्क

(ट) क्रस सब्सिडी

(ठ) नगरपालिकाले दिन सक्ने छुट सुविधा

(ड) अन्य

**५६. खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारणमा सार्वजनिक सुनुवाइ :** (१) नगरसभाबाट खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारणको निर्णय गर्नुपूर्व नगरपालिकाले सार्वजनिक सुनुवाई गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम सार्वजनिक सुनुवाइ गर्ने विधि नगरपालिकाको सार्वजनिक सुनुवाइ कार्यविधि बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम गरिने सार्वजनिक सुनुवाइ सम्बन्धी प्रतिवेदनको ढाँचा अनुसूची १३ मा दिइएको छ ।

**५७. महसुल, शूल्क र सेवा शूल्क बुझाउने तरिका र म्याद :** (१) उपभोक्ताले बुझाउनुपर्ने महसुल, शूल्क वा सेवा शूल्क बुझाउने तरिका र म्याद सेवा प्रदायकले तोके बमोजिम हुनेछ।

(२) सेवा प्रदायकले उपभोक्तासँग महसुल, शूल्क वा सेवा शूल्क लिएपछि त्यसको नगदी रसिद दिनुपर्नेछ ।

**५८. विलम्ब महसुल :** (१) उपभोक्ताले सेवा प्रदायकले निर्धारण गरेको समयमा महसुल, शूल्क वा सेवा शूल्क नबुझाएमा विलम्व महसुल बुझाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम बुझाउनेपर्ने विलम्व महसुल नगरसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

**५९. बक्यौता महसुल असुल उपर गरिने :** यो नियमावली प्रारम्भ हुनअघि प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने महसुल कसैले बाँकी राखेको देखिएमा अतिरिक्त शूल्क समेत सो बक्यौता महसुल असुल गरिने छ ।

**६०. अतिरिक्त महसुल लाग्ने :** म्यादभित्र महसुल नबुझाएमा देहायका दरले अतिरिक्त शूल्क लाग्नेछ :

(क) म्याद समाप्त भएको दुई महिनासम्मको लागि सो महसुलको प्रति महिना पाँच प्रतिशतका दरले

(ख) म्याद नाघेको अर्को एक महिनासम्मको लागि सो महसुलको सात प्रतिशतको दरले

(ग) खण्ड (ख) मा उल्लेखित म्याद नाघेपछि पानीको वितरण बन्द नगरिएको भए सो अवधिको लागि प्रति महिना १० प्रतिशतका दरले

**६१. खानेपानी वितरण तथा सरसफाइ र ढल सेवा प्रदान नभएको अवधिको महसुल छुट :** कुनै कारणबाट खानेपानी वितरण तथा सरसफाइ वा ढल सेवा प्रदान नभएको अवस्थामा कुनै उपभोक्ताले पूर्ण रुपले खानेपानी वितरण तथा सरसफाइ वा ढल सेवा उपयोग गर्न पाएको छैन भन्ने कुरा सम्बन्धित उपभोक्ताको दरखास्त अनुसार वा कार्यालयबाट जाँचबुझ गर्दा देखिन आएमा आयोजनाले वा नगरपालिकाले त्यसरी उपभोक्ताले खानेपानी वितरण तथा सरसफाइ वा ढल सेवा उपयोग गर्न नपाएको अवधिको महसुल छुट दिन सक्ने छ ।

**६२. बक्यौता महसुल माफी दिन सक्ने :** (१) कुनै कारणबाट बक्यौता महसुल उठाउन व्यवहारिक छैन भन्ने लागेमा उपभोक्ता संस्था वा सेवा प्रदायक संगठित संस्थाले धारा

काट्ने वा सरसफाइ वा ढल सेवा बन्द गर्नतर्फ तुरुन्त कारवाही चलाई बक्यौता महसुल माफी गर्नका लागि बराहक्षेत्र नगरपालिकालाई सिफारिस गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सिफारिस अनुसार बक्यौता महसुल माफी गर्न मनासिव देखिएमा नगरपालिकाले बक्यौता महसुल माफी गर्न सक्नेछ ।

## परिच्छेद ९

## उपभोक्ता हित तथा कर्तव्य सम्बन्धी व्यवस्था

**६३. उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यहरु :** (१) नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अन्तर्गतको जिम्मेवारी तथा दायित्वको सीमाभित्र रही नगरपालिकाले उपभोक्ता हित संरक्षण सम्बन्धी देहायका कार्यहरु गर्नेछ :

(क) सेवाको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानुनहरु, मापदण्ड तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र व्यवस्थापन गर्ने

(ग) प्रशोधन, आपूर्ति, प्रक्षेपण, महसुल निर्धारण र अनुगमनको काम गर्ने,

(घ) खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी पूर्वाधार निर्माण गर्ने

(ङ) खानेपानी तथा सरसफाइ सेवाको शूल्क तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) खानेपानी तथा सरसफाइ सेवा प्रदायकको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) खानेपानी तथा सरसफाइ सेवाको तथ्यांक प्रणाली अद्यावधिक र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने

(झ) खानेपानी तथा सरसफाइ सेवा सहजीकरण र नियमन गर्ने,

(ञ) खानेपानी र सरसफाइ सेवासँग सम्बन्धित सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरुक उपभोक्तालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन

(ठ) खानेपानी श्रोतमा प्रतिकूल असर पर्न नदिन वातावरणीय प्रदूषण र हानीकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियमन गर्ने,

(ड) खानेपानी तथा सरसफाइ सेवामा प्रयोगकर्तामैत्री, सीमान्तकृत वर्ग वा समुदायको सहज एवम् सुलभ पहुँच पुऱ्याउने,

(ढ) खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापन सम्बन्धी आवश्यकता अनुसार अन्य कार्य गर्ने

(२) उपनियम (१) बमोजिमका कार्यहरु सम्पन्न गर्न नगरपालिकाले सरोकारवालाहरुसँग समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजना सहित बजेट व्यवस्थापन र कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**६४. उपभोक्ता अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी व्यवस्था :** नगरपालिकाले उपभोक्ता अधिकारको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कानुन बनाई कार्यान्वयनमा ल्याउने छ ।

**६५. उपभोक्ता हितसम्बन्धी सेवा प्रदायकको दायित्व :** नगरपालिकाभित्र खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने प्रत्येक सेवा प्रदायकले प्रचलित कानुन बमोजिमको दायित्व पूरा गर्नुपर्नेछ ।

**६६. उपभोक्ताको कर्तव्य :** उपभोक्ताको कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफूले सेवा उपभोग गरेवापत सेवा प्रदायकले तोके बमोजिमको सेवा शूल्क समयमा नै सेवा प्रदायकलाई बुझाउने,

(ख) कसैले सेवा अनधिकृत रुपमा दुरुपयोग गरेको वा खानेपानीको चुहावट गरेको वा त्यस्तो किसिमको क्रियाकलाप अन्यत्र गरेको वा गर्न लागेको कुरा थाहा हुन आएमा तत्कालै सेवा प्रदायकलाई सूचना दिने,

(ग) सेवा प्रदायक उपभोक्ता संस्था रहेको अवस्थामा उपभोक्ता संस्थाले विकास गरेको संरचनाको मर्मतसम्भार तथा सुरक्षाको कार्यमा आवश्यक सहयोग गर्ने ।

**६७. उपभोक्ताले गर्न नहुने कार्यहरु :** (१) उपभोक्ताले देहाय बमोजिमका कार्यहरु गर्नु हुँदैन :

(क) सेवाको अनधिकृत रुपमा दुरुपयोग गर्न वा खानेपानीको चुहावट गर्न वा त्यस्तो किसिमको अन्य क्रियाकलाप गर्न,

(ख) अनुमतिपत्र प्राप्त संस्था वा उपभोक्ता संस्थाको स्वीकृतिविना कुनै अवाञ्छित फाइदा लिने उद्धेश्यले कुनै कार्य गर्न,

(ग) आफूले उपयोग गरिरहेको खानेपानीपानीको लाइनबाट अन्य व्यक्तिलाई अलग्गै त्यस्तो लाइन दिन,

(घ) खानेपानीको पाइपबाट कुनै यन्त्र जडान गरी अनाधिकार पानी प्रयोग गर्ने कार्य गर्न,

(ङ) जलाधार क्षेत्रभित्र खानेपानी प्रदूषित गर्ने वा खानेपानीको वहाव वा परिमाणमा असर पर्ने कार्य,

(च) मिटर तथा त्यसमा लगाइएको सिल तोड्न र बिगार्न,

(छ) ढल प्रणालीमा अनधिकृत रुपले जडान गर्न,

(ज) ऐन तथा नियमावलीविपरीत अन्य कुनै काम गर्न ।

(२) कुनै उपभोक्ताले उपनियम (१) विपरीत कुनै कार्य गरेमा सेवा प्रदायक वा नगरपालिकाले त्यस्तो उपभोक्तालाई प्रदान गरेको सेवा बन्द गर्न सक्नेछ ।

## परिच्छेद १०

## धारा तथा मिटर जडान

**६८. उपभोक्ता हुनका लागि दरखास्त दिनुपर्ने :** (१) सेवा प्रदायकबाट सेवा उपयोग गर्न चाहने व्यक्ति वा निकायले सेवा प्रदायकले तोकिदिएको ढाँचामा सेवा प्रदायक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि सेवा प्रदायकले दरखास्तवालाको माग बमोजिम सेवा उपलब्ध गराउन सकिने नसकिने सम्बन्धमा प्राविधिक तथा अन्य आवश्यक कुराहरुको जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा सेवा उपलब्ध गराउन सकिने भएमा सेवा उपलब्ध गराउँदा लाग्ने अनुमानित लागत रकम जम्मा गर्न दरखास्तवालालाई म्याद सहितको सूचना प्रदान गर्नेछ ।

(३) उपनियम (१) बमोजिम दिइएको म्याद सहितको सूचना अनुसार दरखास्तवालाले रकम जम्मा गरेमा सेवा प्रदायकले त्यस्तो व्यक्तिको नाम उपभोक्ताको सूचीमा समावेश गराई निजलाई सेवा उपलब्ध गराउनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालालाई सेवा उपलब्ध गराउन नसकिने भएमा सोको कारण सहित त्यसको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम सेवा प्रदायकको निर्णय उपर चित्त नबुझेमा दरखास्तवालाले नगरपालिकामा उजुरी दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम उजुरी प्राप्त भएपछि नगरपालिकाले सो उजुरी उपर आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय दिन सक्नेछ र त्यस्तो निर्णय सम्बन्धित सेवा प्रदायक र उजुरीकर्ता दुबैलाई मान्य हुनेछ ।

**६९. स्वीकृति लिनुपर्ने :** (१) धारा जडान गर्दा वा फेरोलको स्थान परिवर्तन गर्नुपर्ने भएमा दरखास्तवालाले उपभोक्ता संस्था, सेवा प्रदायक वा नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(२) कसैको निजी स्वामित्वमा रहेको घर जग्गा वा बाटोबाट धारा जडान गर्नुपर्ने भएमा वा फेरोलको स्थान परिवर्तन गर्नुपर्ने भएमा दरखास्तवालाले सो कामका लागि सम्बन्धित जग्गाधनीबाट स्वीकृति लिनुपर्नेछ ।

**७०. मिटर जडान गर्नुपर्ने :** (१) उपभोक्ता संस्था वा संगठित संस्थाले महसुल निर्धारण गर्ने प्रयोजनका लागि उपभोक्ताले उपयोग गर्ने खानेपानीको परिमाण मापन गर्न प्रत्येक उपभोक्ताको धारामा आवश्यक सिल लगाई मिटर जडान गरिदिनुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा सेवा प्रदायकले मिटर जडान नगरेर पनि उपभोक्तालाई सेवा उपलब्ध गराउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम जडान भएको मिटर बिग्रिएमा, मासिएमा वा अरु कुनै कारणबाट काम नलाग्ने भई उपपयोग गरेको पानीको परिमाण मापन गर्न नसक्ने भएमा उपभोक्ताले सो कुराको सूचना यथासक्य छिटो दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचना प्राप्त हुन आएमा सेवा प्रदायकले यथासक्य छिटो सम्बन्धित उपभोक्ताको धारामा नयाँ मिटर जडान गरिदिनुपर्नेछ ।

(५) मिटरमा सेवा प्रदायकले लगाएको सिल सेवा प्रदायकको तर्फबाट खटिई आएको व्यक्ति बाहेक अन्य व्यक्तिले फेर्न वा खोल्न हुँदैन ।

**७१. मिटरको सुरक्षा :** (१) उपभोक्ताले जलमापक यन्त्र सुरक्षाको लागि सेवा प्रदायकले तोके बमोजिमको च्याम्बर बनाई मिटरको सुरक्षा गर्नुपर्नेछ ।

(२) कुनै कारणले मिटर हराएमा वा बिग्रिएमा सोको लिखित जानकारी उपभोक्ताले सेवा प्रदायकलाई तुरुन्त दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम मिटर हकराएको वा बिग्रिएको जानकारी हुन आएमा सेवा प्रदायकले उपभोक्तासँग सोको लागि आवश्यक खर्च लिई बाग बमोजिम मिटर जडान वा मर्मत गरिदिनुपर्नेछ ।

**७२. मर्मतको व्यवस्था :** (१) मिटरदेखि सेवा प्रदायकको स्वामित्वमा रहेको मुख्य पाइप लाइनको मर्मत कार्य सेवा प्रदायकले निःशुल्क गर्नेछ र सोको लागि आवश्यक पर्ने सामान र अन्य खर्च सेवा प्रदायकले तोके बमोजिम उपभोक्ताले व्यहोर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको पाइपको मर्मत गराउनुपर्ने भएमा उपभोक्ताले अघिल्लो महिनासम्मको महसुल बुझाएको रसिद संलग्न गरी सेवा प्रदायकमा दरखास्त दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको दरखास्त प्राप्त भएमा सेवा प्रदायकले धाराको पाइप निःशुल्क मर्मत गरिदिनुपर्नेछ ।

**७३. फेरोल जडान स्थान परिवर्तन गर्न सकिने :** (१) कुनै कारणले धाराको फेरोल जडान स्थान परिवर्तन गर्नुपर्ने भएमा सेवा प्रदायकले तोकेको ढाँचामा सेवा प्रदायक समक्ष दरखास्त दिन सकिने छ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि जाँचबुझ गर्दा प्राविधिक दृष्टिकोणले फेरोल जडान स्थान परिवर्तन गर्न उपयुक्त देखिएमा सेवा प्रदायकले आवश्यक शूल्क लिई फेरोल जडान स्थान परिवर्तन गरिदिनेछ ।

**७४. खानेपानीको परिमाण मापन गर्ने इकाइ :** नगरसभाले खानेपानीको परिमाण बमोजिम खानेपानी सेवा महसुल कायम गर्नेछ ।

**७५. मर्मत सम्भार कोष खडा गर्नुपर्ने :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था वा सेवा प्रदायकले आयोजनाको नियमित मर्मतसम्भारका लागि अनिवार्य रुपमा मर्मतसम्भार कोष खडा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाबाट सञ्चालन भइरहेका खानेपानी तथा सरसफाइ आयोजना र नगरपालिका आफैले निर्माण गरी उपभोक्ता संस्थालाई सञ्चालनको जिम्मेवारी हस्तान्तरण गरेका खानेपानी तथा सरसफाइ आयोजनामा मर्मतसम्भार कोषका लागि नगरपालिकाले पहिलो पटक आवश्यकता अनुसार जोडकोष सहयोग गर्न सक्नेछ ।

## परिच्छेद ११
## ढल सेवा सञ्चालन तथा ढल सेवा शूल्क सम्बन्धी व्यवस्था

**७६ मापदण्डको पालना.** (१) ढल निकास सेवा सञ्चालन तथा व्यवस्थापन गर्न स्वीकृति वा अनुमतिपत्र प्राप्त गरेको सेवा प्रदायकले देहायका शर्तहरुको अधीनमा रही कार्य गर्नुपर्नेछ :

(क) सेवा प्रदायकले प्रदान गरेको ढल सेवा सम्बन्धी कार्यको सम्बन्धित नियामकले अनुगमन गर्दा प्रचलित कानुन बमोजिम तोकिएको मापदण्ड र निर्देशिकाको पालना गरेको नपाइएमा त्यस्तो सेवा प्रदायकलाई दिइएको निर्देशन अनुसार सुधार र्गुपर्ने कार्य पहिलो पटकको हकमा बढीमा नब्बे दिनभित्र कार्यान्वयन गर्नुपर्ने,

(ख) सेवा प्रदायकले खण्ड (क) को निर्देशक बमोजिम सुधार गर्ने क्रममा समय नपुग भएको भनी नियामक निकायसँग समय थप गर्न अनुरोध गरेमा नियामकले बढीमा साठी दिनसम्मको समय थप गर्न सक्ने

(ग) खण्ड (क) र (ख) बमोजिमको अवधिभित्र नियामकले दिएको निर्देशन बमोजिम सम्बन्धित सेवा प्रदायकले सेवा सुधार नगरेमा त्यस्तो सेवा प्रदायकको अनुमतिपत्र रद्द गर्न नियामक निकायले अनुमतिपत्र प्रदान गर्ने निकायमा सिफारिस गर्नुपर्ने,।

(घ) खण्ड (ग) बमोजिम नियामकबाट सिफारिस भई आएमा अनुमतिपत्र प्रदान गर्ने निकायले तीस दिनभित्र अनुमतिपत्र रद्द गरी सोको जानकारी सम्बन्धित सेवा प्रदायक र सरोकारवाला समेतलाई दिनुपर्ने

(२) ढल सेवा लिन चाहने घरेलु उपभोक्ताले अनुमति प्राप्त सेवा प्रदायकको अनुमति लिएरमात्र आफ्नो घर परिसरभित्र उत्सर्जित फोहर पानी ढल प्रणालीमा निकास गर्नुपर्नेछ ।

(३) नियामकले तोकेको अवधि र परिस्थितिमा आफ्नो परिसर भित्रको सेप्टिक टंकी वा अन्य सरसफाइ संरचनाको सफाइ तथा मर्मतसम्भार गर्नु सम्बन्धित उपभोक्ताको कर्तव्य हुनेछ ।

(४) अस्पताल र उद्योग कलकारखानाबाट उत्सर्जित फोहर पानी प्रचलित कानुन बमोजिमको मापदण्ड पालना हुनेगरी प्रशोधन गरेरमात्र घरायसी ढल प्रणालीमा जडान गर्न सक्नेछ ।

**७७. सेवा शूल्क निर्धारण :** (१) ढल सेवा शूल्क निर्धारण गर्दा देहाय आधारलाई समेत विचार गर्नुपर्नेछ :

(क) फोहर पानी उत्पादकले निस्काशन गर्ने फोहर पानीको मात्रा र किसिम,

(ख) निस्काशित फोहर पानीबाट वातावरणमा पर्ने प्रभाव,

(ग) फोहर पानी प्रशोधनको व्यवस्थापनमा लाग्ने अनुमानित खर्च

(२) उपनियम (१) बमोजिम निर्धारित सेवा शूल्क अनुमति प्राप्त सेवा प्रदायकको सेवाको प्रकृति हेरेर खानेपानी सेवाको महसुलमा जोडेर वा छुट्टै ढल सेवाको मात्र हुनेगरी सेवा प्रदायकले उपभोक्तासँग उठाउन सक्नेछ ।

**७८. सेवा शूल्क छुट दिन सकिने :** (१) नगर सभाबाट निर्धारण गरिएको सेवा शूल्क तिर्न बुझाउन नसक्ने विपन्न वर्गको हकमा नगरपालिकाले उपभोक्ताको आर्थिक अवस्थालाई विचार गरी निश्चित प्रतिशत वा पूरै छुट दिन सक्नेछ ।

(२) उपनियम (१) को प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार विपन्न वर्गको पहिचान गरी सोको सूची सार्वजनिक गरी वार्षिक रुपमा अद्यावधिक गर्नेछ र सेवा प्रदायकसँग ढल सेवा सम्झौता गर्नुपूर्व नै विपन्न वर्गलाई तोकिएको सेवा शूल्क छुट दिने सम्बन्धी व्यवस्था उक्त सम्झौतामा गर्नुपर्नेछ ।

(३) ढल सेवा व्यवस्थापन गर्ने सम्बन्धमा श्रोतमा नै फोहर पानी न्यूनीकरण गर्ने कार्यमा संलग्न घरधुरीलाई नगरपालिकाले निर्धारण गरेको ढल सेवा शूल्क छुट दिन सक्नेछ ।

**७९. औद्योगिक तथा व्यापारिक उपभोक्ताबाट उत्सर्जित फोहरपानीको परिमाण मापन :** अनुमतिप्राप्त सेवा प्रदायकले औद्योगिक तथा व्यापारिक उपभोक्ताबाट उत्सर्जित फोहोर पानीको परिमाण मापन गर्ने मिटर जडान गर्न सक्नेछ ।

**८०. अवरुद्ध खानेपानी तथा ढल सेवा यथासक्य छिटो सुरु गर्नुपर्ने :** (१) अनुमतिपत्र प्राप्त सेवा प्रदायकले अवरुद्ध खानेपानी तथा ढल सेवा यथासक्य छिटो सुचारु गर्नुपर्नेछ ।

(२) निजी तथा सार्वजनिक जग्गामा तथा विशेष स्थानमा विछ्याइएको खानेपानी तथा ढल निकासको पाइप वा बनाइएको कुनै संरचना वा प्रणालीमा प्राकृतिक प्रकोप वा अन्य कारणले कुनै प्रकारको हानी नोक्सानी वा क्षति पुगेमा सेवा अवरुद्ध भएको वा हुन सक्ने अवस्थामा अनुमतिपत्र प्राप्त सेवा प्रदायकले सम्बन्धित निकाय वा जग्गाधनीलाई पूर्व जानकारी दिई यथासक्य छिटो संरचना वा प्रणालीको मर्मतसम्भार वा पुनःनिर्माण गरी अवरुद्ध सेवा सुचारु गर्नुपर्नेछ ।

(३) नगरपालिकाले अवरुद्ध खानेपानी तथा ढल निकास सेवा तत्काल सुचारु गरे वा नगरेको नियमन गर्ने तथा आवश्यकता अनुसार निर्देशन दिने तथा कार्यान्वयन भए नभएको निर्क्योल गर्नेछ ।

(४) उपनियम (२) बमोजिम नगरपालिका तथा अन्य नियामकले दिएको निर्देशन पालना गर्नु सेवा प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद १२

## गुणस्तर तथा मापदण्ड

**८१ स्वच्छ तथा गुणस्तरीय खानेपानीको आपूर्ति.** (१) ऐन तथा यस नियमावली बमोजिम अनुमति प्राप्त सेवा प्रदायक वा अनुमति लिनु नपर्ने संस्थाले समेत स्वच्छ तथा गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्नेछ ।

(२) स्वच्छ तथा गुणस्तरीय खानेपानीको आपूर्तिको सुनिश्चितताका लागि ऐनको दफा ३० (१), (२) र (३) तथा दफा ३९ (२) बमोजिम तोकिएको मादपण्ड अनुसार सेवा

प्रदायकले समय समयमा खानेपानीको नमूना जाँच परीक्षण गराई प्राप्त नतिजाका आधारमा खानेपानीको स्वच्छता र गुणस्तर कायम गर्नुपर्नेछ ।

८२. **खानेपानी प्रशोधन विधि :** खानेपानीको गुणस्तर कायम राख्न आवश्यकता अनुसार देहाय अनुसार एक वा एकभन्दा बढी प्राविधिहरु अवलम्वन गरी प्रशोधन गर्न सकिने छ :

(क) निस्पन्दन प्रविधि (Filteration Technology)

(ख) अवशोषण विधि (Adsorption)

(ग) आयोन अलग गर्ने विधि (Deionization-DI))

(घ) इलेक्ट्रोड आयनीकरण विधि (Electrode Ionization)

(ङ) विपरीत परासरण विधि (Revese Osmosis)

(च) पराबैजनी अक्सिकरण विधि (Ultraviolet Oxidation)

(छ) क्लोनिरेशन विधि (Chlorination)

(ज) अन्य उपयुक्त प्रविधि तथा उपायहरु

८३. **गुणस्तर तथा मापदण्ड :** खानेपानीको गुणस्तर तथा मापदण्ड एवम् फोहरपानी ढल निकास प्रणालीमा मिसाउन वा नदीनाला, तालतलैया, जलाशय, जमिनमा विसर्जन गर्ने मापदण्ड पनि नेपाल सरकारले राजपत्रमा प्रकाशन गरी आवश्यकता अनुसार छुट्टाछुटटै तोक्न सक्नेछ । नगरपालिकाले समेत सोही मादण्डलाई आधार मान्नेछ ।

८४. **गुणस्तरीय पानी आपूर्ति :** अनुमतिपत्र प्राप्त सेवा प्रदायक वा उपभोक्ता संस्थाले नेपाल सरकारले तोकेको गुणस्तर तथा मापदण्ड कायम गरी गुणस्तरीय खानेपानी आपूर्ति गर्नुपर्नेछ।

८५. **फोहर पानीको गुणस्तर तथा मापदण्डको पालना गर्नुपर्ने :** अनुमति प्राप्त सेवा प्रदायक तथा फोहर पानी उत्पादकले नियम ८२ बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रहनेगरी आवश्यकता अनुसार प्रशोधन गरेरमात्र उत्सर्जित फोहर पानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा नदीनाला, तालतलैया, जलाशय वा जमिनमा मिसाउनु वा पठाउनुपर्नेछ ।

## परिच्छेद १३
## प्रयोगशालाको स्थापना र सञ्चालन

८६ **प्रयोगशालाको काम, कर्तव्य तथा अधिकार** (१) ऐनको दफा ३० को उपदफा (४) बमोजिम स्थापित प्रयोगशालाको जिम्मेवारी, काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) खानेपानी तथा फोहरपानीको नमूना संकलन गर्ने

(ख) संकलित नमूनाको प्रयोगशालामा जाँच तथा परीक्षण गर्ने

(ग) जाँच तथा परीक्षणको नतिजाको जानकारी सेवा प्रदायकलाई उपलब्ध गराउने

(घ) संकलित नमूनाको जाँच तथा परीक्षणबाट खानेपानी तथा फोहरपानीको गुणस्तरमा ह्रास आएको देखिएमा सो उल्लेख गरी परीक्षणको नतिजा उपलब्ध गराउने

(ङ) परीक्षण गरिएको खानेपानी तथा फोहर पानीको नमूनाको एकीकृत गुणस्तर प्रतिवेदन प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित मन्त्रालय तथा विभागमा पठाउण्ने

(२) नेपाल सरकारबाट इजाजत प्राप्त सरकारी तथा निजी प्रयोगशाला, स्वीकृत सेवा प्रदायक प्रयोगशालाले खानेपानी तथा फोहरपानीको परीक्षण गर्दा उपनियम (१) को खण्ड (घ) र (ङ) बमोजिमको कर्तव्य पालना गर्नुपर्नेछ ।

(३) नगरपालिकाले नेपाल सरकारबाट इजाजतप्राप्त सरकारी तथा निजी प्रयोगशालाबाट खानेपानी तथा फोहर पानी जाँच गर्नुपर्ने भएमा नियम १११ (३) बमोजिमको प्रयोगशालाबाट पानी परीक्षण गर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचीकृत भएका प्रयोगशालाहरुको विभागले अनुगमन गरी आवश्यक सुधारात्मक निर्देशन दिनेछ भने ती प्रयोगशाला नगरपालिका क्षेत्रभित्र रहेमा नगरपालिकाले समेत आवधिक रुपमा अनुगमन गरी आवश्यक सुधारात्मक निर्देशन दिनेछ ।

८७. **प्रयोगशालाको सञ्चालन :** (१) बराहक्षेत्र नगरपालिकाले खानेपानीको गुणस्तर परीक्षणका लागि प्रयोगशालाको सञ्चालन गर्नेछ, जुन खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन कार्यविधिका आधारमा सञ्चालन हुनेछ ।

(२) नगरपालिकाले सञ्चालन गर्ने सो प्रयोगशाला नेपाल सरकारले तोकेको मापदण्डभन्दा कम नहुनेगरी मात्र सञ्चालन हुनेछ ।

## परिच्छेद १४

## खानेपानी तथा सरसफाइ सेवाको अनुगमन तथा नियमन

८८ **खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर अनुगमन तथा नियमन** (१) खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर तथा मापदण्डको कार्यान्वयन अनुगमन तथा नियमन र निगरानीलाई व्यवस्थित गर्न नगरपालिकाले खानेपानी तथा सरसफाइ शाखा अन्तर्गत रहनेगरी खानेपानी तथा सरसफाइ सेवा निरीक्षक तोक्न र अनुगमन तथा नियमन उपशाखा गठन गर्न सक्नेछ ।

(२) सो उपशाखा तथा निरीक्षकको कार्यविधि नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) सेवा प्रदायकले खानेपानी उत्पादन, प्रशोधन र वितरण, फोहर पानीको संकलन, प्रशोधन र सुरक्षित विसर्जनका लागि खानेपानी तथा सरसफाइ संरचनाको नियमित अवलोकन र निरीक्षण गर्ने तथा आवश्यकता अनुसार नमूना परीक्षण गरी गुणस्तर कायम गराउन सञ्चालन अनुगमन गर्नेछ ।

(४) सेवा प्रदायकले सेवाग्राहीलाई वितरण गरेको खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर तोकिएको मापदण्ड अनुरुप भए नभएको एकीन गर्न सेवा प्रदायक आफैले वा नगरपालिकाले परिपालना अनुगमन गर्नुपर्नेछ ।

(५) सेवा प्रदायकबाट वितरित खानेपानी तथा सरसफाइ सेवा स्वास्थ्यको दृष्टिको(ाले सुरक्षित, ग्राह्य र जोखिमरहित भए नभएको यकिन गर्न नेपाल सरकार वा प्रदेश सरकारले समेत आवश्यकता अनुसार गुणस्तर निगरानी गर्नेछ ।

(६) खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर तथा मापदण्डको कार्यान्वयन, अनुगमन तथा नियमन र निगरानीका लागि नगरपालिकाले तोक्ने निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खानेपानीको मुहान, प्रसारण तथा वितरण प्रणाली, प्रशोधन केन्द्रको अनुगमन तथा निरीक्षण,

(ख) आयोजना भौतिक सुरक्षा सम्बन्धी तथा वातावरणमा पर्ने प्रतिकूल असर न्यूनीकरण गर्ने क्रियाकलापको अनुगमन तथा निरीक्षण,

(ग) वितरण प्रक्रिया, गुणस्तर मापन प्रक्रिया, मर्मत सम्भारको अनुगमन र निरीक्षण तथा आवश्यकता अनुसार सुधारका लागि निर्देशन दिने,

(घ) श्रोत तथा संरचनामा भएको खानेपानीको परिमाणको लगत राखे नराखेको, खानेपानी तथा सरसफाइ सेवा चुस्त दुरुस्त तथा प्रभावकारी भए नभएको, अनधिकृत चुहावट र सेवाको दुरुपयोग, खानेपानीको परिमाण र सरसफाइ सेवाको मापनयन्त्र तथा सुरक्षा प्रणाली मापदण्ड अनुसार राखे नराखेको अनुगमन गरी आवश्यकता अनुसार सुधार गर्न निर्देशन दिने,

(ङ) खानेपानीलाई प्रदूषण हुनबाट बचाउने तथा स्वस्थकर बनाउने उपाय अवलम्वन गरे नगरेको,

(च) खानेपानीको गुणस्तर कायम गर्न अवलम्वन गरिएका उपायहरु तथा फोहरपानी मिसाउन नहुने मापदण्डको पालना भए नभएको अनुगमन र निगरानी गर्ने,

(छ) फोहर पानी तोकिएको मापदण्ड कायम हुनेगरी प्रशोधन गरे नगरेको, सुरक्षित रुपमा विसर्जन गरे नगरेको,

(ज) खानेपानी तथा फोहरपानीको नियमित रुपमा परीक्षण गरी गुणस्तर सुनिश्चित हुने काम गरे नगरेको,

(झ) उपभोक्तालाई उपलब्ध गराउने सेवाको व्यवस्थापन, खानेपानी आपूर्ति लगायतका अन्य प्राविधिक विषयहरु

(७) निरीक्षकले उपनियम (६) बमोजिमका कार्यहरु पालना नभएको अवस्थामा सेवा प्रदायकलाई आवश्यक आदेश तथा निर्देशन दिई सोको जानकारी नगरपालिकामा दिनुपर्नेछ ।

(८) उपनियम (६) बमोजिम निरीक्षक वा अनुमतिपत्र दिने निकायले दिएको आदेश वा निर्देशन सम्बन्धित सेवा प्रदायकले पालना गर्नुपर्नेछ ।

**८९. खानेपानी तथा सरसफाइ सेवा निरीक्षकको योग्यता :** (१) खानेपानी तथा सरसफाइ सेवा निरीक्षकको योग्यता देहाय बमोजिम हुनेछ :

(क) ३५ वर्ष उमेर पुगेको र ६० वर्ष ननाघेको नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा सिभिल इञ्जिनियरिङ वा पब्लिक हेल्थ इञ्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण गरेको, यदि सो नभएमा कुनै विषयमा स्नातक उत्तीर्ण गरी खानेपानी, सरसफाइ तथा स्वच्छता, पानी परीक्षण, पानीको गुणस्तर विषयमा प्राविधिक तालिम लिई कम्तिमा पाँच वर्ष सो क्षेत्रमा कार्य गरेको

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियानमा सजाय नपाएको

(घ) मानवअधिकार र मानवीय कानुनको उल्लंघनमा सजायँ नपाएको

(ङ) राजनीतिक दलको सदस्य नरहेको

## परिच्छेद १५
## खानेपानी निर्यात तथा व्यापार

**९० बोतलबन्दी वा थोक खानेपानीको निर्यात तथा व्यापार** (१) ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले नेपालको राजनैतिक सीमाभित्र तथा नेपालको राजनीतिक सीमाबाहिर नेपाल सरकारको स्वीकृति लिई बोतलबन्दी वा थोक खानेपानीको निर्यात तथा व्यापार गर्न सक्नेछन् ।

(२) उपनियम (१ मा जुनसुकै कुरा लेखिएको भए तापनि बोतलबन्दी खानेपानीको हकमा सेवा प्रदायकले प्रचलित कानुन बमोजिम प्रतिस्पर्धात्मक बजार निर्माण गर्न थोक मूल्यमा छुट दिई व्यवसाय सञ्चालन गर्न सक्नेछ ।

**९१. दरखास्त र अनुमतिपत्र :** (१) बोतलबन्दी वा थोक खानेपानीको निर्यात तथा व्यापारका लागि उद्योग मन्त्रालयमा दर्ता हुनुपर्ने हकमा नेपाल सरकारले अनुमतिपत्र प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमतिपत्र लिइसकेपछि सोको जानकारी नगरपालिकालाई गराउनुपर्नेछ ।

## परिच्छेद १६
## समन्वय समितिको काम, कर्तव्य र अधिकार

**९२ समन्वय समितिको काम, कर्तव्य र अधिकार** (१) ऐनको दफा ३७ बमोजिम गठित नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको विस्तृत कार्यान्वयन योजना तयार गर्न सहयोग गर्नु

(ख) वडा तथा विद्यालयस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्न प्राविधिक एवम् प्रक्रियागत रुपमा सहयोग गर्नु,

(ग) वडा तथा नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको वार्षिक अनुगमन योजना तयार गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्नु,

(घ) वडा तथा नगरपालिकास्तरीय कार्ययोजना कार्यान्वयनका लागि नगरपालिका क्षेत्रभित्रका साझेदारहरुसँग समन्वय गरी परिचालनका लागि आवश्यक सहजीकरण गर्नु,

(ङ) वडा र नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिको परिचालनका लागि सहयोग गर्नु,

(च) छिमेकी स्थानीय तह, प्रदेश सरकार र विकास साझेदारसँग नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयनमा ल्याउनका लागि तहगत समन्वय गर्नु,

(छ) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, प्रदेश जलश्रोत, सिंचाइ तथा ऊर्जा मन्त्रालय, प्रदेश वास क्लस्टर लगायतका समिति तथा सञ्जालसँग कार्यगत समन्वय गर्नु,

(ज) वडा, विद्यालय, टोल तहको आवधिक अनुगमन गर्ने कार्यमा नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समिति, महिनावारी स्वच्छता अनुगमन समितिसँग समन्वयात्मक रुपमा कार्य गर्नु,

(झ) सम्बन्धित विषयगत शाखाहरु (खानेपानी तथा सरसफाइ शाखा, शिक्षा शाखा, सामाजिक विकास शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, वन वातावरण तथा विपद व्यवस्थापन शाखा आदि) का वार्षिक कार्यक्रमको लेखाजोखा गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्नु,

(ञ) टोल, बस्ती, वडा र कुनै निश्चित क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रको रुपमा विकास गर्नका लागि योजना तर्जुमा, कार्यन्वयन, अनुगमन र स्वीकृतिका लागि आवश्यक कार्य गर्ने,

(ट) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी तथ्यांक एन वास राष्ट्रिय सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउने,

(ठ) नगर कार्यपालिका र नगरसभाले निर्दिष्ट गरेका अन्य कार्यहरु ।

**९३ अन्य समितिका काम, कर्तव्य र अधिकार :** वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, टोल पूर्ण सरसफाइ समिति र महिनावारी स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले बनाएको कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद १७
## भूमिगत तथा वर्षात्‌को पानीको उपयोग

**९४ भूमिगत जलश्रोतको उपयोग :** (१) घरेलु प्रयोजनका लागि घरायसी तहमा भूमिगत जलश्रोतको उपयोग बाहेक अनुमतिपत्र नलिई कसैले पनि देहायको प्रयोजनका लागि भूमिगत जलश्रोत उपयोग गर्न पाइने छैन :

(क) औद्योगिक प्रयोजन

(ख) व्यवसायिक प्रयोजन

(गं) सार्वजनिक प्रयोजन

(घ) अन्य प्रयोजन

**स्पष्टीकरण :** अन्य प्रयोजन भन्नाले हाउजिङ, अपार्टमेण्ट, कम्प्लेक्स लगायत बढी परिमाणमा उपयोग हुने पानीलाई जनाउँछ ।

(२) नगरपालिकाले भूमिगत उपयोग गर्ने हदको परिमाणका लागि मापदण्ड तयार गरी नियमन गर्न सक्नेछ ।

**९५. भूमिगत जलश्रोतको उपयोगको लागि दरखास्त दिनुपर्ने :** भूमिगत जलश्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची १४ को ढाँचामा नगरपालिकामा दरखास्त दिनुपर्नेछ ।

**९६. भूमिगत जलश्रोत उपयोगको अनुमतिपत्र दिनुपर्ने :** (१) नियम ९४ बमोजिम परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी त्यस्तो दरखास्त परेको मितिले पैतालीस दिनभित्र नगरपालिकाले आवश्यक शर्तहरु समेत उल्लेख गरी दरखास्तवालालाई भूमिगत जलश्रोत उपयोगको अनुमतिपत्र दिनेछ ।

(ख) भूमिगत जलश्रोत उपयोगका लागि खानेपानी तथा ढल व्यवस्थापन विभागबाट अनुमतिपत्र लिएको हकमा व्यक्ति वा संगठित संस्थाले सो अनुमतिपत्र लिएको नब्बे दिनभित्र नगरपालिकामा लिखित जानकारी गराउनुपर्नेछ ।

## परिच्छेद १७

## विवाद समाधान संयन्त्र तथा क्षतिपूर्तिको व्यवस्था

**९७ विवाद समाधान समिति** (१) सेवा प्रदायक र उपभोक्ताबीच खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर, सेवा स्तर तथा निर्धारित क्षतिपूर्तिका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा देहाय बमोजिमको विवाद समाधान समितिमार्फत विवादको समाधान गर्नुपर्नेछ :

(क) संयोजक : नगरपालिकाले तोकेको अधिकृत- १

(ख) सदस्य : सेवा प्रदायकले तोकेको प्रतितिधि- १

(ग) सदस्य : प्रभावित उपभोक्ताहरुमध्येबाट छनौट भएको प्रतिनिधि-१

(२) विवाद समाधान समिति वा श्रोत उपयोग विवाद समाधान समितिको कार्य सञ्चालन सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) विवादन समाधान समिति वा श्रोत उपयोग विवाद समाधान समितिबाट विवाद समाधान हुन नसकेमा सम्बन्धित पक्ष नगरपालिकाको न्यायिक समितिसमक्ष वा प्रचलित कानुन बमोजिम कानुनी उपचारमा जान सक्नेछ ।

**९८. क्षतिपूर्ति दिनुपर्ने सम्बन्धमा :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था वा उपभोक्ता संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर

पर्न गएमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था वा उपभोक्ता संस्थाले एकीन भएको क्षतिपूर्ति वापतको रकम सम्बन्धित उपभोक्तालाई दिनुपर्ने छ ।

(२) कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली वा त्यस्तो संरचनामा कुनै प्रकारको हानी नोक्सानी वा क्षति पुऱ्याएमा उक्त व्यक्तिले सेवा प्रदायकलाई क्षतिपूर्ति वापतको रकम तिर्नुपर्नेछ ।

**९९. क्षतिपूर्ति निर्धारण :** (१) ऐनको दफा ४ को उपदफा (७) बमोजिम क्षतिपूर्तिका लागि दरखास्त प्राप्त भएमा नगरपालिकाले त्यस्तो दरखास्तको सम्बन्धमा जाँचबुझ गर्न दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र समिति गठन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले प्राप्त निवेदनको सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित ठाउँको बस्तुस्थिति समेत हेरी जाँचबुझ गरी राय सहितको प्रतिवेदन तीस दिनभित्र नगरपालिका प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनमा सो समितिले पीडित पक्षलाई पुग्न गएको क्षतिको  परिमाण र असरको यकिन गरी के कति क्षतिपूर्ति भराउनुपर्ने हो सो समेत खुलाउनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम क्षतिको परिमाण र असर यकिन गर्दा प्रणाली वा मानव स्वास्थ्यमा परेको क्षति वा त्यस्तो क्षतिको दायरा समेतको आधारमा गर्नुपर्नेछ ।

(५) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन समेतको आधारमा नगर प्रमुखले तीस दिनभित्र क्षतिपूर्तिका विषयमा निर्णय गरी सोको जानकारी निवेदक तथा क्षतिपूर्ति बुझाउनुपर्ने सम्बन्धित व्यक्ति वा समूहलाई दिनुपर्नेछ ।

**१००. क्षतिपूर्ति रकम बुझाउनुपर्ने :** (१) नियम ९९ को उपनियम (५)बमोजिमको जानकारी पाएको मितिले तीस दिनभित्र क्षतिपूर्ति बुझाउनुपर्ने सम्बन्धित व्यक्ति वा समूहले क्षतिपूर्तिको रकम त्यस्तो क्षतिपूर्ति पाउने सम्बन्धित व्यक्ति वा संगठित संस्थालाई बुझाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र क्षतिपूर्तिको रकम बुझाउन नसकेको मनासिव कारण जनाई त्यस्तो क्षतिपूर्ति बुझाउनुपर्ने सम्बन्धित व्यक्ति वा समूहले म्याद थपको लागि नगरपालिका समक्ष निवेदन पेश गरेमा र सोको कारण मनासिव देखिएमा नगरपालिकाले एक पटकका लागि बढीमा तीस दिनको म्याद थप गरिदिन सक्नेछ ।

**१०१. जायजेथाबाट क्षतिपूर्ति असुल गरिने :** (१) क्षतिपूर्ति बुझाउनुपर्ने सम्बन्धित व्यक्ति वा समूहले नियम ९९ बमोजिमको म्यादभित्र क्षतिपूर्तिको रकम नबुझाएमा त्यस्तो क्षतिपूर्ति पाउने सम्बन्धित व्यक्ति वा संगठित संस्थाले सो म्याद नाघेको तीस दिनभित्र त्यस्तो क्षतिपूर्ति बुझाउनेपर्ने दायित्व भएको सम्बन्धित व्यक्ति वा संगठित संस्थाले जायजेथा खुलाई क्षतिपूर्ति असुल गरी पाउन नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएकोमा नगर प्रमुखले क्षतिपूर्ति बुझाउने दायित्व भएको सम्बन्धित व्यक्ति वा समूहको जायजेथा प्रचलित कानुन बमोजिम

लिलाम बिक्री गरी क्षतिपूर्तिका रकम भराई दिई बाँकी रकम सम्बन्धित व्यक्ति वा समूहलाई फिर्ता दिनुपर्नेछ ।

**१०२. प्रणालीमा क्षति भएमा क्षतिपूर्ति दिनुपर्ने :** (१) नगरपालिका, उपभोक्ता समिति वा संगठित संस्थाले सञ्चालन गरेको कुनै पनि खानेपानी तथा सरसफाइ प्रणालीमा कोही व्यक्तिले कुनै पनि किसिमको हानी नोक्सानी पुऱ्याएमा क्षतिपूर्ति तिर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम आयोजनाबाट कुनै निवेदन प्राप्त भएकोमा नगर प्रमुखले क्षतिको एकीन गर्न लगाई विगो बराबरको रकम र नगरपालिकाले निर्णय गरे बमोजिमको जरिवाना रकम सो व्यक्तिसँगबाट असुल उपर गर्न लगाउने छ ।

## परिच्छेद १८
## सरसफाइ तथा स्वच्छता सुविधा व्यवस्थापन

**१०२ मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको सुनिश्चितता :** (१) यस नगरपालिका क्षेत्रभित्र महिनावारीका आधारमा हुने कुनै पनि छुवाछुत र विभेदलाई सामाजिक अपराध मानिने छ ।

(२) कुनै पनि सरकारी कार्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, संघसंस्था, विद्यालय तथा अन्य संस्थाहरुलाई मर्यादित महिनावारी सुनिश्चित घोषणा गर्नुपर्ने छ, जुन नगरपालिकाको मर्यादित महिनावारी स्वच्छता निर्देशिका २०८० बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिमका कार्यालयहरुले अनिवार्य रुपमा लैंगिक तथा अपांगतामैत्री शौचालय तथा खानेपानी सुविधाको व्यवस्था गरेको हुनुपर्नेछ ।

(४) संस्थागत शौचालयहरुमा नियमित प्रयोगकर्ता महिलाले प्रयोग गर्न मिल्ने अवस्थामा सेनिटरी प्याडको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(५) सम्पूर्ण संस्थागत शौचालयमा प्रयोग गरिसकेको सेनिटरी प्याडको सुरक्षित व्यवस्थापन र विसर्जनका लागि सुरक्षित स्थलको निर्माण तथा व्यवस्था गरिएको हुनुपर्नेछ ।

(६) सम्पूर्ण विद्यालयहरुले यस कार्यविधि जारी भएको तीन महिनाभित्र अनिवार्य रुपमा प्रयोग भैसकेको सेनिटरी प्याडको सुरक्षित विसर्जन स्थल निर्माण गरी सोको जानकारी नगरपालिकालाई गराउनुपर्नेछ ।

**१०३ मर्यादित महिनावारी सुनिश्चित घर बनाउनुपर्ने :** यस नगरपालिका भित्रका सम्पूर्ण घरधुरीलाई मर्यादित महिनावारीमैत्री सुनिश्चित गरिनुपर्नेछ ।

**१०४ नियमित अनुगमन गर्नुपर्ने :** (१) घरायसी तथा संस्थागत तहमा मर्यादित महिनावारी सुनिश्चितताको अवस्थाको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) वडास्तरीय अनुगमन समितिले गरेको अनुगमन प्रतिवेदन नगरपालिकास्तरीय अनुगमन समितिमार्फत कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**१०५ हातको स्वच्छता कायम राख्नुपर्ने :** (१) सम्पूर्ण घरधुरी तथा संस्थाहरुमा साबुन पानीले हात धुने व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमनका क्रममा हातको स्वच्छता सुविधा र हातको स्वच्छता अभ्यासलाई एक मुख्य सूचकको रुपमा लिइने छ ।

(३) विद्यालयहरुमा अनिवार्य रुपमा समूहमा हात धुनका लागि लैंगिकमैत्री, बालमैत्री र अपांगतामैत्री हात धुने स्टेशनको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(४) कार्यालय तथा संस्थाहरुमा रोगव्याधी तथा महामारीको जोखिमको समयमा सेनिटाइजरको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(५) यस नगरपालिकाभित्र सञ्चालन हुने होटल तथा रेष्टुराँमा साबुन पानीले हात धुने प्रयोगकर्तामैत्री स्थानको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्ने छ ।

**१०६. सार्वजनिक शौचालयको व्यवस्थापन गर्नुपर्ने :** (१) यस नगरपालिका क्षेत्रभित्र सार्वजनिक क्षेत्रमा सरसफाइ तथा स्वच्छता कायम राख्नका लागि सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) सार्वजनिक शौचालयहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापन नगरपालिका, नगरपालिका भित्रका सामाजिक संघसंस्था, निजी क्षेत्र वा संस्थागत क्षेत्रले गर्न सक्नेछन् ।

(३) सार्वजनिक शौचालयको सफाइ कायम राख्ने पहिलो दायित्व प्रयोगकर्ताको हुनेछ ।

(४) सार्वजनिक शौचालयमा सफाइका सामग्रीहरु .(पानी, साबुन, ब्रस र सफा गर्ने अन्य सामग्रीहरु) को व्यवस्थापन अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।

(५) सार्वजनिक शौचालयमा साबुन पानीले हात धुनका लागि प्रयोगकर्तामैत्री हात धुने स्थानको व्यवस्था गरिएको हुनुपर्नेछ ।

**१०७. सार्वजनिक शौचालय निर्वाध प्रयोग गर्न दिनुपर्ने :** (१) यस नगरपालिकाभित्र निर्माण भएका वा सार्वजनिक शौचालयको रुपमा परिभाषित गरिएका शौचालयहरु प्रयोगकर्तालाई निर्वाध रुपमा प्रयोग गर्न दिनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि तपसिल बमोजिमका शौचालयलाई सार्वजनिक शौचालयको रुपमा लिइने छ :

(क) सार्वजनिक शौचालयकै रुपमा निर्माण भई सञ्चालन भएका शौचालय,

(ख) पेट्रोल पम्प र चार्जिङ स्टेशनमा रहेका शौचालय

(ग) कार्यालय समयभित्रका लागि नगरपालिका र मातहतका कार्यालयमा रहेका शौचालय

(घ) आफ्नो शौचालयलाई सार्वजनिक शौचालयको रुपमा प्रयोग गर्नका लागि नगरपालिकासँग सम्झौता भएका होटल व्यवसायमा रहेका तथा अन्य शौचालयहरु

(ङ) नगरपालिका वा संस्थागत क्षेत्रबाट सञ्चालनमा आएका घुम्ती शौचालयहरु

(३) उपदफा (२) को खण्ड (ख), (ग) र (घ) मा उल्लेख भएका शौचालयको प्रयोग गर्दा प्रयोगकर्ताबाट कुनै शूल्क लिन पाइने छैन भने खण्ड (क) र (ङ) बमोजिमका शौचालय प्रयोग गर्दा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१०८. सार्वजनिक शौचालयहरु प्रयोगकर्तामैत्री हुनुपर्ने :** (१) यस नगरपालिकाभित्र निर्माण भएका वा सार्वजनिक शौचालयको रुपमा परिभाषित गरिएका शौचालयहरु पूर्ण रुपमा प्रयोगकर्तामैत्री हुनुपर्नेछ ।

(२) सार्वजनिक शौचालयमा कम्तिमा महिला र पुरुषका लागि अलग अलग व्यवस्था गरिएको हुनुपर्नेछ । संस्थागत रुपमा सञ्चालनमा रहेका महिला शौचालयमा महिनावारीको समयमा प्रयोग हुने सेनिटरी प्याड विसर्जन गर्ने सुविधा भएको हुनुपर्नेछ ।

(३) सार्वजनिक शौचालयहरु बालमैत्री तथा अपांगमैत्री हुनपर्ने छ ।

(४) नयाँ निर्माण हुने सार्वजनिक शौचालयहरु अनिवार्य रुपमा बालमैत्री, लैंगिकमैत्री र अपांगमैत्री हुनुपर्नेछ भने यसअघि निर्माण भई सञ्चालनमा रहेका शौचालयहरुलाई यस कार्यविधि जारी भएको छ महिनाभित्र स्तरोन्नति गरी प्रयोगकर्ता बनाउनुपर्नेछ ।

## परिच्छेद १९
## विविध

**१०९ अधिकार प्रत्यायोजन :** नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले आफूलाई प्राप्त अधिकार अनुगमनसम्बन्धी कार्य गर्ने कुनै उपसमिति वा वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति वा वडास्तरीय अनुगमन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**११०. प्रचलित कानुन बमोजिमको शर्त पूरा गर्नुपर्ने :** खानेपानी तथा सरसफाइ पूर्वाधार निर्माण गर्नुअघि प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयारी, स्वीकृति तथा सोको कार्यान्वयन गर्नुपर्ने वा कुनै निकयाको पूर्वस्वीकृति लिनुपर्ने रहेछ भने सो बमोजिमका कार्य सम्पन्न भएपछि मात्र आयोजना कार्यान्वियन गर्नुपर्नेछ ।

**१११. पूर्वाधार विकास वा सेवा अर्को पक्षबाट प्राप्त गर्ने सम्बन्धमा :** सेवा प्रदायकले खानेपानी तथा सरसफाइ सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन कुनै पूर्वाधार थप विकास गर्नुपर्ने वा कुनै सेवा प्राप्त गर्नुपर्ने भएमा त्यस्तो सेवा प्रदायकले कुनै व्यक्ति वा संगठित संस्था वा कानुनी व्यक्तिबाट त्यस्तो पूर्वाधार विकास वा सेवा प्राप्त गर्न सो सम्बन्धी विस्तृत विवरण सहित अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमोका सम्बन्धित सेवा प्रदायक र सो व्यक्ति वा संगठित संस्था वा कानुनी व्यक्तिबीचत पूर्वाधार विकास वा सेवा प्राप्त गर्ने सम्बन्धमा प्रचलित कानुन बमोजिमको आवश्यक प्रक्रिया तथा सम्झौता गरी कार्यान्वयन गर्न सकिनेछ।

**११२. विपद्को अवस्थामा खानेपानी तथा सरसफाइ पूर्वाधार र सेवाको निरन्तरता :** सेवा प्रदायकले विपद्को अवस्थामा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन निरन्तर हुन सक्ने आवश्यक व्यवस्था गरी सोको जानकारी नगरपालिकालाई गराउनुपर्नेछ ।

**११३. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था, उपभोक्ता संस्था वा अन्य सेवा प्रदायकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले निर्माण गरेको वा सञ्चालन गरेको सेवाको विवरण र आफ्नो आय व्ययको विवरण मान्यताप्राप्त लेखापरीक्षकद्वारा लेखापरीक्षण गराई नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**११४. विवरण अद्यावधिक राख्नुपर्ने :** अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था वा सेवा प्रदायकले खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी विवरण अद्यावधिक गरी राख्नुपर्ने छ र सो विवरण आवश्यकता अनुसार नगरपालिका, प्रदेश सरकार एवम् नेपाल सरकारले माग गरेको बखत उपलब्ध गराउनुपर्नेछ ।

**११५. खानेपानी तथा सरसफाइ क्षेत्रमा बाह्य क्षेत्रको लगानी :** ऐन तथा नियमावली बमोजिम खानेपानी तथा सरसफाइ क्षेत्रमा बाह्य निजी वा सरकारी वा गैरसरकारी क्षेत्रको लगानी तथा सहायतामा आयोजना निर्माण, पुनःनिर्माण, मर्मतसम्भार गर्नका लागि नेपाल सरकारको पूर्व सहमति लिनुपर्नेछ ।

**११६. खानेपानी तथा सरसफाइ आयोजनाको दिगोपन :** (१) यस नगरपालिकाभित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ आयोजनाको दिगोपनका लागि ३०० भन्दा बढी उपभोक्ता रहेको खानेपानी आयोजनाले आफ्नै तर्फबाट मर्मतसम्भार कार्यकर्ता तालिम लिएको व्यक्तिलाई मर्मतसम्भार कार्यकर्ताको रुपमा परिचालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेख गरिएभन्दा कम उपभोक्ता रहेका आयोजनाको हकमा नगरपालिकाले उपयुक्त व्यक्तिको छनौट गरी मर्मतसम्भार कार्यकर्ता तालिममा सहभागी गराउने छ र सोही व्यक्तिलाई आवश्यकता अनुसार मर्मतसम्भार कार्यकर्ताको रुपमा परिचालन गर्न सक्नेछ ।

(३) आयोजनाको दिगोपनका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले अनिवार्य रुपमा मर्मत्सम्भार कोषको व्यवस्था गरेको हुनुपर्नेछ ।

**११७. निर्देशिका, मार्गदर्शन वा कार्यविधि बनाउन सक्ने :** नगरपालिकाले ऐन तथा नियमावलीको अधीनमा रही खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी आवश्यक निर्देशिका, मार्गदर्शन वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**११८. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने :** नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**११९. खारेजी र बचाउ :** (१) खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन २०८० र नियमावली २०८० लागू भएसँगै यसअघि निर्माण भएका यस्तै प्रकृतिका कार्यविधि खारेज गरिएको छ ।

(२) यसअघि विभिन्न कार्यविधि, मार्गदर्शन र निर्देशिका बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा भए गरेका कामकारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

अनुसूची १

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त

श्री नगर प्रमुखज्यू
बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

उपभोक्ता संस्था दर्ता गर्नको लागि देहायका कुराहरु खुलाई यो आवेदन पेश गरेको छु :

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :
२. उपभोक्ता संस्थाको उद्धेश्य :
३. आयोजनाको नाम :
४. आयोजनाबाट लाभान्वित सेवा क्षेत्र, जनसंख्या र घरधुरी :
५. खानेपानी आयोजनाको हकमा :
   क) श्रोतको नाम र स्थान : श्रोतको नाम : ..............................., वडा नं.
   ख) श्रोतबाट उपयोग गर्ने पानीको परिमाण :
६. सरसफाइ आयोजनाको हकमा :
   (क) फोहर पानीको विसर्जन गर्ने स्थान :
   (ख) विसर्जन गरिने फोहर पानीको अनुमानित परिमाण :
७. फोहरमैला व्यवस्थापनको हकमा :
   (क) ठोस फोहरमैला विसर्जन गर्ने स्थान :
   (ख) विसर्जन गरिने ठोस फोहरमैलाको किसिम :
   (ग) विसर्जन गरिने ठोस फोहरमैलाको परिमाण :
८. आयोजना सम्पन्न गर्दा लाग्न जाने अनुमानित खर्च :
९. आयोजना सुरु गर्न लाग्ने समय :
१०. आयोजना विकास गर्ने अनुमानित श्रोत र आर्थिक सहायता व्यहोर्ने संस्था :
११. प्रदेश वा संघीय सरकारले विकास गरी हस्तान्तरण गर्ने आयोजना भए सो आयोजनाको नाम र तत्सम्बन्धी अन्य विवरणहरु :
१२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु
   (क) आयोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात
   (ख) आयोजनाका लागि कुनै संस्थाबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो संस्थाले व्यक्त गरेको प्रतिवद्धता र तत्सम्बन्धी कागजात
   (ग) संस्थाको विधान
   (घ) गठित उपभोक्ता संस्थाको विवरण र बैठकको माइन्युटको प्रति

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ, झुठा ठहरे कानुन बमोजिम सहुला, बुझाउँला ।

दरखास्त दिनेको :
सही :
नाम :
ठेगाना :
मिति :

---

नगरपालिकाले भर्नुपर्ने :

यस नगरपालिका अन्तर्गत वडा नं. ......... मा सञ्चालन हुने ...................... आयोजनाको लागि गठन हुन लागेको उपभोक्ता संस्था दर्ता हुन उपयुक्त देखिएकोले सिफारिस गरिन्छ । साथै उल्लेखित आयोजना सञ्चालनका लागि आवश्यक नियमित मर्मतसम्भार कार्यहरु उपभोक्ता संस्थाले नै गर्नुपर्ने र आयोजनाको वृहत् मर्मतसम्भार, पुनःनिर्माण, विकास तथा विस्तारमा यस नगरपालिकाको तर्फबाट पूर्ण सहयोग हुने जानकारी गराइन्छ ।

सिफारिस गर्ने पदाधिकारीको :
सही :
नाम :
पद :
स्थानीय तहको छाप :
मिति :

अनुसूची २
(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

## उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्र

श्री ......................
........................................
महाशय,

तपाईले मिति .............................. मा दिएको दरखास्त बमोजिम उपभोक्ता संस्था दर्ता गरी यो प्रमाणपत्र दिइएको छ :

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :

२. उपभोक्ता संस्थाको उद्धेश्य :

३. उपभोक्ता संस्थाले सञ्चालन गर्ने परियोजनाको नाम :

४. आयोजनाबाट लाभान्वित सेवा क्षेत्र, जनसंख्या र घरधुरी :

५. खानेपानी आयोजनाको हकमा :

- श्रोतको नाम .......................... वडा नं. ..................
- श्रोतबाट उपयोग गर्ने पानीको परिमाण :

६. सरसफाइ आयोजनाको हकमा :

- फोहर पानी विसर्जन गर्ने स्थान : ......................, वडा नं.
- विसर्जन गरिने फोहर पानीको अनुमानित परिमाण :

७. फोहरमैला व्यवस्थापनको हकमा :

- फोहरमैला व्यवस्थापन गरिने स्थान : ...................... वडा नं.
- विसर्जन गरिने फोहरमैलाको किसिम :
- विसर्जन गरिने फहेरमैलाको परिमाण :

८. उपभोक्ता संस्थाले पालना गर्नुपर्ने शर्तहरु :

(क) आयोजना सञ्चालनका लागि आवश्यक नियमित मर्मतसम्भार कार्यहरु उपभोक्ता संस्थाले नै गर्नुपर्नेछ ।

(ख) उपभोक्ता संस्थाको विधान अनुसार साधारण सभा नियमित रुपमा गर्नुपर्नेछ ।

(ग) उपभोक्ता संस्थाले नगरपालिकाले निर्धारण गरेको महसुल, सेवा शूल्क मात्र लिनुपर्नेछ ।

नगर कार्यपालिकाको कार्यालय चक्रघट्टा सुनसरी कोशी प्रदेश, नेपाल

(घ) उपभोक्ता संस्थाले प्रचलित कानुन बमोजिम तोकिएको मापदण्ड र गुणस्तर अनुसारको सेवा उपलब्ध गराउनुपर्नेछ ।

(ङ) अन्य

प्रमाणपत्र दिने अधिकारीको :

सही :

नाम :

कार्यालयको छाप :

मिति :

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

अनुसूची ३

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

## खानेपानी कार्यसम्पादन सूचकहरु

| मुख्य कार्यसम्पादन सूचक (KPI) | | कार्यसम्पादन मानक (Performance measures) |
|---|---|---|
| समूह 'क': खानेपानी सेवाको स्तर र गुणस्तर (Level and Quality of Water Supply) | | |
| १ | सेवा कभरेज (Service coverage) | **खानेपानीको हकमा**: आफ्नो सेवा क्षेत्रमा सेवा उपलब्ध गराएको मध्ये सुचारू रहेका (functioning) घर/परिसर र सामुदायिक वा सार्वजनिक धारा जडानबाट खानेपानी सेवा उपभोग गर्ने जनसंख्या को प्रतिशत। |
| २ | पर्याप्तता (Sufficiency) | व्यक्तिगत र घरेलु प्रयोगको लागि दैनिक उपलब्ध खानेपानी तथा आधारभूत स्वास्थ्य र घरेलु प्रयोगका लागि आवश्यक खानेपानीको औसत मात्रा। |
| ३ | गुणस्तर (Quality) | तोकिएको मापदण्डको तुलनामा उपभोक्ताहरूलाई आपूर्ति गरीएको पानीको गुणस्तर। |
| ४ | पहुँच (Accessibility) | सुचारू रहेका घर/परिसर र सजिलै पहुँच भएका (Easily accesssible) सामुदायिक वा सार्वजनिक धारा जडान मार्फत सेवा पाइरहेका घरधुरी/ जनसंख्याको अनुपात। |
| ५ | विश्वसनीयता (Reliability) | खानेपानी आपूर्तिको निरन्तरता र निर्बाधता। |
| समूह 'ख': सञ्चालन तथा व्यवस्थापन दक्षता (Operation and Management Efficiency) | | |
| उप-समूह १: प्राविधिक सञ्चालन (Technical Operation) | | |
| ६ | सम्पत्ति व्यवस्थापन (Asset Management) | सम्पत्ति व्यवस्थापन योजनाको तयारी र कार्यान्वयनको स्थिति। |
| ७ | मर्मतसम्भार अनुपात (Maintenance Ratio) | आवश्यक नियमित तथा आवधिक मर्मत सम्भार र वास्तवमा सम्पन्न गरीएका नियमित तथा आवधिक मर्मत सम्भारको अनुपात। |
| ८ | मर्मत सुधारमा लाग्ने औसत समय (Mean Time to Repair) | नियमित तथा आवधिक मर्मतसम्भार पूरा गर्न लागेको औसत समय |
| ९ | महसुल नउठ्ने पानी (Non-Revenue Water) | वितरण प्रणालीमा आपूर्ति गरीएको खानेपानी परिमाण र उपभोक्ताहरूलाई बिल गरीएको खानेपानी परिमाण बीचको भिन्नताको प्रतिशत |

| मुख्य कार्यसम्पादन सूचक (KPI) | | कार्यसम्पादन मानक (Performance measures) |
|---|---|---|
| उप-समूह २: वित्तीय व्यवस्थापन (Financial Management) | | |
| १० | घरायसी पानी महसुल र जडान शुल्क (Domestic Water Tariff and Connection Charge) | सबैका लागि सुरक्षित पिउने पानीमा समान र किफायती पहुँच |
| ११ | सञ्चालन अनुपात (Operating Ratio) | खानेपानी सेवा बाट आर्जन भएको कुल वार्षिक रकममा वार्षिक सञ्चालन तथा मर्मत सम्भार खर्चको अनुपात |
| १२ | लगानीमा योगदान (Contribution to Investment) | पुँजीगत खर्चमा सेवा प्रदायकको खुद आन्तरिक आम्दानीको अनुपात |
| १३ | वित्तीय जवाफदेहिता (Financial Accountability) | खरिद नीति र कार्यविधि सहित आर्थिक कार्य सञ्चालन विधि कार्यान्वयनको अवस्था |
| उप-समूह ३: व्यावसायिक सञ्चालन (Commercial Operation) | | |
| १४ | मिटरिङ अनुपात (Metering Ratio) | नेटवर्क प्रणालीका कुल जडानहरूमा सुचारू रहेका पानी मिटरहरूको अनुपात |
| १५ | बिलिङ र सङ्कलन दक्षता (Billing and Collection Efficiency) | शुल्क लिइनु पर्ने ज्ञात जडानहरूको कुल संख्यामा बिल गरीएको जडानहरूको अनुपात, साथै बिल गरीएको कुल रकममा वास्तवमा जम्मा भएको कुल नगदको प्रतिशत |
| १६ | ग्राहक तत्थ्यांक व्यवस्थापन (Customer Database Management) | सम्पूर्ण ग्राहकको आवश्यक जानकारीहरूको अद्यावधिकता |
| उप-समूह ४: उपभोक्ता सन्तुष्टि (Consumer Satisfaction) | | |
| १७ | गुनासो व्यवस्थापन (Complaints Handling) | उपभोक्ताहरूको गुनासो र सो समाधानका लागि गरीएका कार्यहरू अभिलेख गर्ने संयन्त्रको उपलब्धता र गुनासो समाधानको अनुपात |
| १८ | उपभोक्ता सन्तुष्टि सर्वेक्षण (Consumer Satisfaction Survey) | उपभोक्ता सन्तुष्टि सर्वेक्षणको नियमितता र खानेपानीको सेवास्तर तथा गुणस्तर र सेवा प्रदायकको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यसम्पादनमा उपभोक्ता सन्तुष्टि स्तरको मापन |
| उप-समुह ५: सङ्गठनात्मक व्यवस्थापन (Organizational Management) | | |
| १९ | व्यावसायिक योजना कार्यान्वयन (Business Plan Implementation) | व्यावसायिक योजनाको तयारी र कार्यान्वयनको स्थिति |
| २० | मानव संसाधन विकास (Human Resource Development) | उपयोगी र सक्षम जनशक्तिको लागि प्रशिक्षण आवश्यकताहरूको पहिचानको स्थिति र जनशक्तिको क्षमता |

| मुख्य कार्यसम्पादन सूचक (KPI) | | कार्यसम्पादन मानक (Performance measures) |
|---|---|---|
| | | विकासको लागि योजनाबद्ध तालिमको कुल संख्यामा प्रदान गरीएको तालिमको अनुपात |
| २१ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion) | कार्यकारिणी समितिमा महिलाको अनुपात र सामाजिक रूपमा पछाडी परेका एवम् सीमान्तकृत व्यक्तिहरूको अनुपात |
| २२ | वार्षिक साधारण सभाको नियमितता (Regularity of Annual General Meeting) | कार्यकारिणी समितिले वर्षमा कम्तीमा एक पटक आयोजना गर्ने खानेपानी उपभोक्ताहरूको साधारण सभाको नियमितता |
| २३ | सँगठनात्मक परिपक्वता (Organizational Maturity) | प्रणाली र सेवाको दिगोपना बढाउने र सम्पूर्ण समुदायलाई फाइदा पुऱ्याउने प्राथमिक कार्यहरू भन्दा बाहिरका गतिविधिहरूमा सेवा प्रदायकको प्रयास |

## (ख) सरसफाइ तथा ढल सेवा कार्यसम्पादन सूचकहरू (Performance Indicators)

| मुख्य कार्यसम्पादन सूचक (KPI) | | कार्यसम्पादन मानक (Performance measures) |
|---|---|---|
| समूह क: सरसफाइ सेवाको स्तर र गुणस्तर (Level and Quality of Sanitation Service) | | |
| १ | सेवा कभरेज (Service coverage) | आफ्नो सेवा क्षेत्रमा सेवा उपलब्ध गराएको मध्ये सुचारू रहेको ढल प्रणालीमा जडित घर/परिसर वा मानव मलमुत्र व्यवस्थापनमा समेटिएको जनसंख्या को प्रतिशत |
| २ | सेवाको स्तर (Service Level) | सरसफाइ सेवाको तोकिएको स्तर र मापदण्डको तुलनामा सेवाग्राहीलाई प्रदान गरीएको सेवाको स्तर |
| ४ | पहुँच (Accessibility) | सुचारू रहेको ढल प्रणालीमा जडित घर/परिसर वा मानव मलमुत्र व्यवस्थापन मार्फत सरसफाइ सेवा पाइरहेका घरधुरी/ जनसंख्याको अनुपात |
| ५ | विश्वसनीयता (Reliability) | सरसफाइ सेवाको निरन्तरता र निर्बाधता |
| समूह 'ख: सञ्चालन तथा व्यवस्थापन दक्षता (Operation and Management Efficiency) | | |
| उप-समूह १: प्राविधिक सञ्चालन (Technicall Operation) | | |
| ६ | सम्पत्ति व्यवस्थापन (Asset Management) | सम्पत्ति व्यवस्थापन योजनाको तयारी र कार्यान्वयनको स्थिति। |

| मुख्य कार्यसम्पादन सूचक (KPI) | | कार्यसम्पादन मानक (Performance measures) |
|---|---|---|
| ७ | मर्मतसम्भार अनुपात (Maintenance Ratio) | आवश्यक नियोजित तथा अनियोजित मर्मत सम्भार र सुधारहरूको कुल सङ्ख्या र वास्तवमा सम्पन्न गरीएका नियोजित वा अनियोजित मर्मत सम्भार र सुधारहरूको अनुपात। |
| ८ | मर्मत सुधारमा लाग्ने औसत समय (Mean Time to Repair) | नियोजित वा अनियोजित मर्मत वा सुधार पूरा गर्न लागेको औसत समय |
| ९ | महसुलमा नसमेटिएको ढल सेवा (Tariff Non-covered Sanitation) | सेवा प्रणालीमा पहुँच र उपभोक्ताहरूलाई बिल गरीएको ढल/सरसफाइ सेवा महशुल बीचको भिन्नताको प्रतिशत |
| उप-समूह २: वित्तीय व्यवस्थापन (Financia l Management) | | |
| १० | ढल/सरसफाइ सेवा महसुल र जडान शुल्क ( Sanitation Tariff and Connection Charge) | सबैका लागि सुरक्षित ढल/सरसफाइ सेवामा समान पहुँच |
| ११ | सञ्चालन अनुपात (Operating Ratio) | सरसफाइ सेवाबाट आर्जन गरिएको कुल वार्षिक रकममा वार्षिक सञ्चालन तथा मर्मत सम्भार खर्चको अनुपात |
| १२ | लगानीमा योगदान (Contribution to Investment) | पुँजीगत खर्चमा सेवा प्रदायकको खुद आन्तरिक आम्दानीको अनुपात। |
| १३ | वित्तीय जवाफदेहिता (Financia l Accountabi l ity) | खरिद नीति र कार्यविधि सहित आर्थिक कार्य सञ्चालन विधि कार्यान्वयनको अवस्था। |
| उप-समूह ३: व्यावसायिक सञ्चालन (Commercia l Operation) | | |
| १४ | सुचारु अनुपात | नेटवर्क प्रणालीका कुल जडानहरूमा सुचारू रहेको ढल प्रणालीमा जडित घर/परिसर संख्या |
| १५ | बिलिङ र सङ्कलन दक्षता (Bi l l ing and Co l l ection Efficiency) | शुल्क लिइनु पर्ने ज्ञात जडानहरूको कुल संख्यामा बिल गरीएको जडानहरूको अनुपात, साथै बिल गरीएको कुल रकममा वास्तवमा जम्मा भएको कुल नगदको प्रतिशत। |
| १६ | ग्राहक तत्यांक व्यवस्थापन (Customer Database Management) | सम्पूर्ण ग्राहकको आवश्यक जानकारीहरूको अद्यावधिकता |
| उप-समूह ४: उपभोक्ता सन्तुष्टि (Consumer Satisfaction) | | |
| १७ | गुनासो व्यवस्थापन (Comp l aints Hand l ing) | उपभोक्ताहरूको गुनासो र तिनको समाधानका लागि गरीएका कार्यहरू अभिलेख गर्ने संयन्त्रको उपलब्धता र गुनासो समाधानको अनुपात |

| मुख्य कार्यसम्पादन सूचक (KPI) | | कार्यसम्पादन मानक (Performance measures) |
|---|---|---|
| १८ | उपभोक्ता सन्तुष्टि सर्वेक्षण (Consumer Satisfaction Survey) | उपभोक्ता सन्तुष्टि सर्वेक्षणको नियमितता र सरसफाइ सेवास्तर र सेवा प्रदायकको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यसम्पादनमा उपभोक्ता सन्तुष्टि स्तरको मापन |
| उप-समुह ५: सङ्गठनात्मक व्यवस्थापन (Organizational Management) | | |
| १९ | व्यावसायिक योजना कार्यान्वयन (Business Plan Implementation) | व्यावसायिक योजनाको तयारी र कार्यान्वयनको स्थिति |
| २० | मानव संसाधन विकास (Human Resource Development) | उपयोगी र सक्षम जनशक्तिको लागि प्रशिक्षण आवश्यकताहरूको पहिचानको स्थिति र जनशक्तिको क्षमता विकासको लागि योजनाबद्ध तालिमको कुल संख्यामा प्रदान गरीएको तालिमको अनुपात |
| २१ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion) | कार्यकारिणी समितिमा महिलाको अनुपात र सामाजिक रूपमा बहिष्कृत एवम् सीमान्तकृत व्यक्तिहरूको अनुपात। |
| २२ | वार्षिक साधारण सभाको नियमितता (Regularity of Annual General Meeting) | कार्यकारिणी समितिले वर्षमा कम्तीमा एक पटक आयोजना गर्ने उपभोक्ताहरूको साधारण सभाको नियमितता |
| २३ | सँगठनात्मक परिपक्वता (Organizational Maturity) | प्रणाली र सेवाको दिगोपना बढाउने र सम्पूर्ण समुदायलाई फाइदा पुऱ्याउने प्राथमिक कार्यहरू भन्दा बाहिरका गतिविधिहरूमा सेवा प्रदायकको प्रयास |

चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

अनुसूची ४

(नियम १० सँग सम्बन्धित)

## उपभोक्ता संस्थाले बुझाउनेपर्ने वार्षिक प्रतिवेदनको ढाँचा

श्री नगर प्रमुखज्यू
बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

१) योजनाको

(क) नाम :

(ख) स्थल :

(ग) लागत अनुमान :

(घ) योजना सुरु भएको मिति :

(ङ) योजना सम्पन्न मिति :

(च) योजना सम्पन्न नभएको भए भौतिक र वित्तीय प्रगति :

(छ) योजनाको अवस्था चालु/सम्पन्न/मर्मतसम्भार गर्नुपर्ने /पुनःनिर्माण गर्नुपर्ने)

२ उपभोक्ता संस्थाको विवरण :

(क) नाम :

(ख) अध्यक्षको नाम :

(ग) सदस्य संख्या : महिला ................ पुरुष ................ जम्मा ...........

३. सेवा प्रदान सुरु गरेको मिति :

४. ग्राहक संख्या : (क) नियमित : .............. (ख) सेवा विच्छेद भएको : ...............

५. पछिल्लो सार्वजनिक परीक्षण(। भएको (क) मिति : .............................. (ख) स्थान :

६. पछिल्लो साधारण सभा भएको मिति र उपस्थिति (माइन्युटको फोटोकपी संलग्न गर्ने)

७. प्रणालीका मुख्य संरचनाको विवरण :

(क) इन्टेक/सम्पवेल/बोरिङको संख्या र पानीको परिमाण

(ख) प्रसारण तथा वितरण पाइपलाइन/ढल प्रणालीको लम्बाइ :

(ग) पानी टंकीको संख्या र कूल क्षमता (घनमिटर)

(घ) प्रशोधन प्रणालीको किसिम र क्षमता :

(ङ) अन्य मुख्य संरचनाहरु :

८. खानेपानी/फोहर पानीको उत्पादन परिमाण (घन मिटर) :

(क) उत्पादित खानेपानीको परिमाण

(ख) खपत भई बिलमा चढेको खानेपानीको परिमाण

(ग) उत्पादित फोहर पानीको परिमाण

(घ) सुरक्षित रुपमा विसर्जित फोहर पानीको परिमाण

९. उपभोक्ता संस्थाले पेश गरेको आम्दानी खर्चको विवरण

(क) आम्दानीतर्फ

| विवरण | रकम रु. |
|---|---|
| महसुल, सेवा शूल्कबाट | |
| नगरपालिका तथा सहयोगी संस्थाबाट निकासा | |
| अनुदान प्राप्त | |
| सामग्री | |
| जनसहभागिता | |
| श्रमदान | |

(ख) खर्चको विवरण

| विवरण | रकम रु. |
|---|---|
| कर्मचारीको पारिश्रमिक | |
| विजुली तथा टेलिफोन महसुल | |
| प्रशासनिक खर्च | |
| अन्य खर्च | |
| पूर्वाधार निर्माण/मर्मत सम्भारमा भएको खर्च | |
| क. निर्माण सामग्री | |
| | |
| | |
| | |
| ख. कामदार | |
| | |
| | |
| | |
| ग. ढुवानी | |
| | |
| | |
| घ. मेसिनरी औजार | |
| | |
| जम्मा खर्च | |

१०. उपभोक्ता संस्थाको आम्दानी खर्च तथा पेश गरेको प्रतिवेदनमा सार्वजनिक परीक्षण गर्दा उपस्थित भएका व्यक्तिहरुको प्रतिक्रिया तथा सुझाव

| क्र.सं. | सुझावकर्ताको नाम | सुझावको सार | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

११. संस्थाको वार्षिक प्रतिवेदन सबै सरोकारवालालाई सूचित गर्न सार्वजनिक स्थलमा टाँस/प्रकाशन भए नभएको :

| | | |
|---|---|---|
| ..................... | ..................... | ..................... |
| नाम : | नाम : | नाम : |
| सहजकर्ता/प्राविधिक | उपभोक्ता समिति अध्यक्ष | नगरपालिका पदाधिकारी |

प्रतिवेदन बुझाएको मिति :

अनुसूची ५

(नियम ११ सँग सम्बन्धित)

## श्रोत सर्वेक्षण गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्री नगर प्रमुखज्यू
बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

खानेपानीको श्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका विषयहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :
२. उद्धेश्य :
३. सर्वेक्षण गर्न चाहेको श्रोतको नाम :
४. श्रोत रहेको स्थान : ............................. वडा नं.
५. सर्वेक्षणका लागि लाग्ने अवधि :
६. सर्वेक्षणको अनुमानित खर्च
७. सर्वेक्षण खर्च व्यहोर्ने श्रोत :
८. अन्य विवरण :
९. दसखास्तसाथ संलगन गर्नुपर्ने कायजातहरु

(क) श्रोतको सर्वेक्षण सम्बन्धमा आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन
(ख) श्रोत सर्वक्षण गरिने स्थानको नक्सा
(ग) संगठित संस्था भए संस्थाको विधानको एक प्रति
(घ) यदि प्रदेश सरकार तथा संघीय सरकार मातहतको क्षेत्राधिकारको भएमा स्थानीय तहको सिफारिस
(ङ) आवश्यक अन्य कागजात

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहूँला बुझाउँला

संगठित संस्था भएमा संस्थाको छाप :
दरखास्त दिनेको
सही :
नाम :
ठेगाना :
मिति :

अनुसूची ६
(नियम १९ सँग सम्बन्धित)

## सर्वेक्षण गर्ने अनुमतिपत्र

अनुमतिपत्र संख्या :
श्री ................................
.....................................
तपाईलाई देहाय बमोजिमको आयोजनाको सर्वेक्षण गर्न पाउनेगरी यो अनुमतिपत्र दिइएको छ :

१. अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :
२. आयोजनाको प्रकार :
खानेपानी
सरसफाइ :
३ सर्वेक्षणको उद्धेश्य :
४. सर्वेक्षण गर्ने क्षेत्र :
५. श्रोतको नाम र स्थान
(क) खानेपानी आयोजनाको हकमा : प्रयोग गरिने पानीको परिमाण (लिटर प्रतिसेकेन्ड)
(ख) सरसफाइ योजनाको हकमा : विसर्जन गरिने फोहर पानीको परिमाण र गुणस्तर
६. सर्वेक्षण सुरु गर्नुपर्ने समय :
७. सर्वेक्षण सम्पन्न गर्नुपर्ने अवधि :
८. अनुमतिपत्र बहाल रहने अवधि :
९. अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति वा संगठित संस्थाले पालना गर्नुपर्ने शर्तहरु :
क)
ख)
ग)

अनुमतिपत्र दिने अधिकारीको
सही :
नाम :
पद :
कार्यालय :
मिति :

अनुसूची ७

(नियम १८ सँग सम्बन्धित)

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन अनुमतिपत्रका लागि दरखास्त

श्री नगर प्रमुखज्यू

बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश, नेपाल

देहायको खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने अनुमतिपत्र पाउनका लागि निम्न विवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु :

१. अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाको :

(क) नाम :

(ख) ठेगाना : स्थायी ............................................ अस्थायी .................................

२. खानेपानी तथा सरसपफइ सेवाको किसिम

३. खानेपानीी तथा सरसफाइ सेवा सञ्चालन गर्न लाग्ने

(क) अनुमानित लागत :

(ख) लगानीको किसिम :

(ग) लगानीको श्रोत

४. खानेपानी तथा सरसफाइ सेवा सम्बन्धमा

(क) काम सुरु गर्ने मिति :

(ख) काम सम्पन्न गर्ने मिति :

(ग) सेवाको माग र आपूर्तिको प्रक्षेपण :

(घ) प्रशोधन वा वितरण वा पूर्वाधारको विस्तार :

(ङ) प्रशोधन तथा सेवा व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको विवरण :

(च) प्रदन गरिने सेवाको स्तर :

५. सेवा उपलब्ध गराउन सकिने मिति :

६. सेवा सञ्चालन गरिने क्षेत्र :

बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय चक्रघट्टा, सुनसरी कोशी प्रदेश, नेपाल

७. सेवा सञ्चालन गर्दा हुने वार्षिक अनुमानित नाफा/नोक्सान आदिको विवरण :

(क) अनुमानित सञ्चालन खर्च

(ख) अनुमानित आय

(ग) नाफा नोक्सानको हिसाव

(घ) अनुमानित महसुल दर

८. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरु :

(क) अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाको नाम र सो संस्थाको कानुनी स्थिति देखिने कागजात

(ख) प्राविधिक निपूर्णता तथा पेशा सम्बन्धी दक्षताका कागजातहरु

(ग) आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य सञ्चालन योजना

(घ) आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु

(ङ) स्थानीय सरकार वा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका कुराहरु

सही :

नाम :

ठेगाना :

मिति :

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

अनुसूची ८

(नियम १९ सँग सम्बन्धित)

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने अनुमतिपत्र

श्री ........................ ज्यू

...........................................

खानेपानी तथा सरसफाइ आयोजना निर्माण तथा सेवा सञ्चालनका लागि अनुमति पाउन मिति .................. मा दिइएको दरखास्त बमोजिम खानेपानी तथा सरसफाइ ऐन २०८० र नियमावलीको नियम १९ बमोजिम देहाय अनुसार यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. खानेपानी तथा सरसफाइ आयोजना निर्माण तथा सेवा सञ्चालन गर्ने व्यक्ति वा संगठित संस्थाको पूरा नाम तथा ठेगाना :

२. खानेपानी तथा सरसफाइ सेवाको किसिम

३. पानीको श्रोत तथा मुहान

४. प्रशोधित फोहर पानी विसर्जन गर्ने स्थान :

५. खानेपानी/फोहर पानीको परिणाम

६. खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न लाग्ने :

(क) अनुमानित लागत :

(ख) लगानीको किसिम

((ग) लगानीको श्रोत :

७. खानेपानी तथा सरसफाइ सेवा सम्बन्धमा :

(क) काम सुरु गर्ने मिति :

(ख) काम सम्पन्न गर्ने मिति :

(ग) सेवाको माग र आपूर्तिको प्रक्षेपण

(घ) प्रशोधन वा वितरण वा पूर्वाधारको विस्तार

(ङ) प्रशोधन वा सेवा व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको विवरण

(च) प्रदान गरिने सेवाको स्तर :

नगरपालिका नगर कार्यपालिकाको कार्यालय चक्रघट्टा, सुनसरी कोशी प्रदेश, नेपाल

८. सेवा उपलब्ध गराउन सकिने मिति :

९. सेवा सञ्चालन गरिने क्षेत्र : वडा नं. ............ टोल : .........................

१०. अनुमतिपत्र बहाल रहने अवधि : मिति ................... देखि ................ सम्म

११. अन्य शर्तहरु

अनुमतिपत्र दिने अधिकारीको

सही :

नाम :

पद :

मिति :

...क्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

अनुसूची ९

(नियम १९ को उपनियम (३) सँग सम्बन्धित)

## नगरपालिकालाई जानकारी गराउनेपर्ने अनुमतिपत्रको विवरण

१. अनुमति प्रदान गर्ने निकायको नाम र ठेगाना :

२. अनुमति प्राप्त गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

३. खानेपानी तथा सरसफाइ सेवाको किसिम

४.पानीको श्रोत तथा मुहान/प्रशोधित फोहरपानी विसर्जन गर्ने स्थान :

५. खानेपानी/फोहर पानीको परिमाण :

६. खानेपानी तथा सरसफाइ सेवा सम्बन्धमा

(क) काम सुरु गर्ने मिति :

(ख) काम सम्पन्न गर्ने मिति :

(ग) प्रशोधन वा वितरण वा पूर्वाधारको विस्तार :

(घ) प्रशोधन तथा सेवा व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको विवरण :

(ङ) प्रदान गरिने सेवाको स्तर :

७. सेवा उपलब्ध गराउने मिति :

८. सेवा सञ्चालन गराउने क्षेत्र :

९. अनुमतिपत्र बहाल रहने अवधि : मिति ........................ देखि ..................... सम्म

१०. अन्य विवरण

क्षेत्र नगरपालिका
कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

अनुसूची १०

(नियम १९ को उपनियम (२) सँग सम्बन्धित)

## अनुमतिपत्र प्राप्त गर्न आवश्यक पर्ने आर्थिक क्षमता, प्राविधिक निपूर्णता तथा अनुभव

१. आर्थिक क्षमता

(क) घाटामा नरहेको संगठित संस्था

(ख) वित्तीय मौज्दात क्षमता

(ग) आयोजना लागतको न्यूनतम २५ प्रतिशत वा सोभन्दा बढी चालु पूँजी भएको

(घ) कुनै पनि अख्तियार प्राप्त सरकारी निकायबाट कालो सूचीमा नपरेको

२. प्राविधिक निपूर्णता र पेशा अनुभव :

(क) खानेपानी तथा सरसफाइ पूर्वाधार निर्माण, सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी क्षेत्रमा कार्य अनुभव भएको

(ख) दुई वा दुईभन्दा बढी सेवा प्रदायकबीच पूर्वाधार सहप्रयोग हुन सक्नेगरी व्यवस्थापन गरेको वा नगरेको

(ग) विदेशी संगठित संस्थाको हकमा कम्तिमा एक मुलुकमा खानेपानी तथा सरसफाइ पूर्वाधार निर्माण, सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुभव भएको

(घ) स्वच्छ खानेपानी तथा सरसफाइ पूर्वाधार निर्माण र सेवाको कुशल सञ्चालन र व्यवस्थापनको अभिलेख भएको

क्षेत्र नगरपालिका
कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

अनुसूची ११

(नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

## श्रोत उपयोग गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्री नगर प्रमुखज्यू

बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल

खानेपानीको श्रोत उपयोग गर्ने अनुमतिपत्र पाउनका लागि देहायका कुराहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. उद्धेश्य :

३. उपयोग गर्न चाहेको खानेपानीको श्रोतको नाम :

४. खानेपानीको श्रोत रहेको क्षेत्र : वडा नं.................. टोल .......................

५. खानेपानीको श्रोतबाट उपयोग गर्ने पानीको परिमाण :

६. खानेपानी श्रोत उपयोग गर्दा लाग्ने अनुमानित खर्च :

७. खानेपानी श्रोत उपयोग गर्दा खर्च गर्ने आधार :

८. खानेपानी श्रोत उपयोगबाट लाभान्वित हुने उपभोक्ता संख्या र कार्य क्षेत्र :

९. अन्य विवरणहरु :

१०. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु :

(क) खानेपानी श्रोतको उपयोग सम्बन्धमा आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय सम्बन्धी प्रतिवेदन

(ख) खानेपानीको श्रोत उपयोग गर्ने ठाउँको नक्सा

(ग) संगठित संस्था भए सो संस्थाको विधानको एक प्रति

(घ) अन्य आवश्यक कागजातहरु

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप :

दरखास्त दिनेको :

सही :

नाम :

ठेगाना :

मिति :

अनुसूची १२

(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

## श्रोत उपयोग गर्ने अनुमतिपत्र

अनुमतिपत्र संख्या :

श्री ............................ ज्यू

.........................................

तपाईलाई देहाय बमोजिमको खानेपानीको श्रोत उपयोग गर्न पाउनेगरी यो अनुमतिपत्र दिइएको छ :

१. अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. खानेपानी श्रोत उपयोगको उद्धेश्य :

३. खानेपानी श्रोत उपयोग गर्ने क्षेत्र :

४. खानेपानी श्रोतबाट उपयोग गर्ने पानीको परिमाण :

५. खानेपानी श्रोत उपयोग गर्ने सम्बन्धमा काम सुरु गर्नुपर्ने समय :

६. अनुमतिपत्र बहाल रहने अवधि :

७. अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले पालना गर्नुपर्ने शर्तहरु :

(क)

(ख)

अनुमतिपत्र दिने अधिकारीको

सही :

नाम :

पद :

कार्यालय :

मिति :

अनुसूची १३

(नियम ५६ को उपनियम (३) सँग सम्बन्धित)

## खानेपानी तथा सरसफाइ सेवा महसुल शूल्क निर्धारणमा सार्वजनिक सुनुवाइ सम्बन्धी प्रतिवेदन

१. पृष्ठभूमि

२. सुनुवाइ गरेको स्थान, मिति र समय :

३. सुनुवाइको विषयबस्तु :

४. सहभागी संख्या : महिला............पुरुष ..............जम्मा ............... बालबालिका ..............

५. कार्यक्रम संयोजक :

६. कार्यक्रममा सहभागी वक्ताको नाम, थर, ठेगाना र निजले व्यक्त गरेको प्रश्न वा जिज्ञासा वा गुनासोको संक्षिप्त व्यहोरा :

(क)

(ख)

(ग)

(घ)

७. सहभागी वक्ताले सोधेका प्रश्न वा जिज्ञासा र यसमा आयोगको तर्फबाट संयोजकले दिएको उत्तरको सारांश

८. कार्यक्रमबाट हासिल उपलब्धी र सुझाव

९. समितिको निस्कर्ष र सुझाव

१०. अन्य सम्बन्ति विषय

प्रतिवेदक :

(क)

(ख)

(ग)

मिति :

अनुसूची १४

(नियम ९५ सँग सम्बन्धित)

## भूमिगत जलश्रोत उपयोगको दरखास्त

श्री नगर प्रमुखज्यू

बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश, नेपाल

भूमिगत जलश्रोत उपयोगको अनुमतित्रका लागि खानेपानी तथा सरसफाइ ऐन २०८० र नियमावली २०८० को नियम ९५ बमोजिम देहायका विवरण खुलाई यो दरखास्त पेश गरेको छु।

१. भूमिगत जलश्रोत उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :

२. भूमिगत जलश्रोत उपयोग गर्ने स्थान :

३. भूमिगत जलश्रोत उपयोगको प्रयोजन :

४. लाभान्वित जनसंख्या :

५. अनुमानित लागत :

६. भूमिगत जलश्रोत प्रशोधन विधि :

७. अन्य आवश्यक विवरण तथा जानकारी :

(क)

(ख)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला।

नगर कार्यपालिकाको कार्यालय बराहक्षेत्र नगरपालिका चक्रघट्टा, सुनसरी कोशी प्रदेश, नेपाल

दरखास्तवालाको

सही :

नाम :

मिति :

अनुसूची १५

(नियम ९६ को उपनियम (१) सँग सम्बन्धित)

## भूमिगत जलश्रोत उपयोगको अनुमतिपत्र

श्री ..............................

...................................

मिति ........................... मा दिइएको दरखास्त बमोजिम खानेपानी तथा सरसफाइ नियमावली २०८० को नियम ९६ (१) बमोजिम भूमिगत जलश्रोत उपयोगका लागि यो अनुमतिपत्र दिइएको छ।

१. अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :

२. भूमिगत जलश्रोत उपयोगको उद्धेश्य :

३. सञ्चालन गर्ने आयोजना :

४. खानेपानीको श्रोत तथा मुहान रहेको स्थान :

५. उपयोग गर्न पाउने पानीको परिमाण

६. कार्यक्षेत्र

७. पालन गर्नुपर्ने सर्तहरु :

(क)

(ख)

(ग)

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

प्रमाणपत्र दिने अधिकारीको

सही :

नाम :

पद :

अनुसूची १६

(नियम ५५ को उपनियम (३) सँग सम्बन्धित)

## खानेपानी गुणस्तर मापदण्ड

### (क) अनिवार्य परीक्षण गर्नुपर्ने पारामितीहरु

| क्र.सं. | पारामिति | एकाइ | अधिकतम सघनन् सीमा | कैफियत |
|---|---|---|---|---|
| भौतिक पारामितीहरु (Physical Parameters) | | | | |
| १. | धमिलोपन (Turbidity) | एनटियू (NTU) | ५ | Non Health Based Guideline Value (NHBGV) |
| २. | हाइड्रोजन विभव (pH) | | ६.५-८.५ | NHBGV |
| ३. | रङ (Color) | टिसियू (TCU) | ५ | NHBGV |
| ४. | स्वाद र गन्ध (Taste and Order) | | आपत्तिजनक हुन नहुने | NHBGV |
| ५. | विद्युतीय संवाहकता (Electrical Conductivity) | माइक्रोसिमेन्स/से.मि. (µS/cm) | १५०० | NHBGV |
| रासायनिक पारामितीहरु (Chemical Parameters) | | | | |
| ६. | फलाम (Iron) | मि.ग्रा./लि. (Mg/L) | ०.३० (३) | NHBGV |
| ७. | मेन्जानिज (Manganese) | मि.ग्रा./लि. (Mg/L) | ०.२० | NHBGV |
| ८. | आर्सेनिक (Arsenic) | मि.ग्रा./लि. (Mg/L) | ०.०५ | HBGV |
| ९. | फ्लोराइड (Fluoride) | मि.ग्रा./लि. (Mg/L) | ०.५०-१.५० | HBGV |
| १०. | अमोनिया (Ammonia) | मि.ग्रा./लि. (Mg/L) | २५० | NHBGV |
| ११. | क्लोराइड (Chloride) | मि.ग्रा./लि. (Mg/L) | २५० | NHBGV |
| १२. | सल्फेट (Sulphate) | मि.ग्रा./लि. (Mg/L) | ५० | NHBGV |
| १३. | नाइट्रेट (Nitrate) | मि.ग्रा./लि. (Mg/L) | ५० | HBGV |
| १४. | तामा (Copper) | मि.ग्रा./लि. (Mg/L) | १ | NHBGV |
| १५. | जस्ता (Zinc) | मि.ग्रा./लि. (Mg/L) | ३ | NHBGV |
| १६. | आलुमिनियम (Aluminium) | मि.ग्रा./लि. (Mg/L) | ०.२० | NHBGV |
| १७. | कूल कडापन (Total Hardness) | मि.ग्रा./लि. | ५०० | NHBGV |

| | | | | |
|---|---|---|---|---|
| | | (Mg/L) | | |
| १८. | क्लोरिन अवशेष (Residual Chlorine) | मि.ग्रा./लि. (Mg/L) | ०.१०-०.५० | HBGV |
| शूक्ष्म जैविक पारामितीहरु (Microbiological Parameters ) | | | | |
| १९. | इ-कोली (E.Coli) | सि.एफ.यु./१०० मि.लि. (CFU/100 ML) | ० | HBGV |

## (ख) जोखिम तथा सान्दर्भिकताको आधारमा थप परीक्षण गर्नुपर्ने पारामितीहरु

| क्र.सं. | पारामिति | एकाइ | अधिकतम सघनन् सीमा | कैफियत |
|---|---|---|---|---|
| भौतिक पारामितीहरु (Physical Parameters) | | | | |
| १. | कूल घुलित पदार्थ | मि.ग्रा./लि. (mg/L) | १००० | NHBGV |
| रासायनिक पारामितीहरु (Chemical Parameters) | | | | |
| २. | क्याल्सियम (Calcium) | मि.ग्रा./लि. (mg/L) | २०० | NHBGV |
| ३. | सिसा (Lead) | मि.ग्रा./लि. (mg/L) | ०.०१ | HBGV |
| ४. | क्याडमियम (Cadmium) | मि.ग्रा./लि. (mg/L) | ०.००३ | HBGV |
| ५. | क्रोमियम (Chromium) | मि.ग्रा./लि. (mg/L) | ०.०५ | HBGV |
| ६. | सायनाइड (Cyanide) | मि.ग्रा./लि. (mg/L) | ०.०७ | HBGV |
| ७. | पारो (Mercury) | मि.ग्रा./लि. (mg/L) | ०.००१ | HBGV |
| ८. | नाइट्राइट्स (Nitrites) | मि.ग्रा./लि. (mg/L) | ३ | HBGV |
| शूक्ष्म जैविक पारामिती (Microbiological Parameters) | | | | |
| ९. | कूल कोलिफर्म (Total Coliform) | सिएफयू/१०० मि.लि. (CFU/100 ml) | ० (९५ प्रतिशत नमूनाहरुमा० | HBGV |